१०औँ वार्षिकोत्सव

# प्रभाव दैनिक

National Daily




वर्ष १० | अंक १ | काठमाडौँ | सोमबार, ११ वैशाख २०८० | Prabhab National Daily | Monday, April 24, 2023 | www.prabhabonline.com | पृष्ठ ८+२० | मूल्य रु. ५।-

## प्रकाशकीय

सत्तरीको दशक समाप्तीसँगै नयाँ दशक अर्थात् ८० को दशकमा हामी प्रवेश गरिसकेका छौं। दशक ७० मा मुलुक विभिन्न परिवर्तन, राजनीतिक संक्रमण, प्राकृतिक विपत्ति र महामारीको अवस्थामा गुज्रियो। नेपालको संविधान, २०७२ जारी भई कार्यान्वयनमा आयो। संविधानसँगै मुलुक संघीय संरचनामा औपचारिकरूपमा प्रवेश गऱ्यो। प्रादेशिक संरचनामा गएपछि निर्वाचित जनप्रनिधिको पहिलो कार्यकाल सकेर स्थानीय तहदेखि प्रदेश र संघसम्म दोस्रो कार्यकाल सुरु भइसकेको छ। यस हिसाबले ७० को दशक परिवर्तन र संक्रमणका बीच गुज्रिनपुग्यो। नयाँ दशकमा मुलुक विकास र समृद्धिको मार्गमा अगाडि बढ्ने आम जनताको अपेक्षा छ, जुन मुलुकका लागि अत्यावश्यक भइसकेको छ।

मुलुकमा लोकतान्त्रिक गणतन्त्रको उदयसँगै हामी आम पाठकमाझ आएका थियौं। राजनीतिक परिवर्तन आए पनि मुलुकमा रोजगारीको अवसर अभावमा युवाहरू आक्रान्त थिए। त्यही कारण वैदेशिक रोजगारीमा जाने लहर बढ्दो थियो। तर, वैदेशिक रोजगारीको क्षेत्र व्यवस्थित हुन सकेको थिएन। जसकारण रोजगारीका लागि विदेशिन बाध्य युवाहरू विभिन्न समस्याबाट गुज्रिरहेका थिए। त्यही अवस्थाबीच 'प्रभाव पब्लिकेशन प्रालि' अन्तर्गत 'प्रभाव दैनिक' प्रकाशनमा आएको थियो।

वैशाख ११ अर्थात् आजैका दिन सुरु भएको हाम्रो यात्रा आज नवौँ वर्ष पूरा गरी दशौँ वर्षमा प्रवेश गरेको छ। मुलुकको अर्थतन्त्र सबल नभइसकेको सन्दर्भमा वैदेशिक रोजगारलाई केन्द्रित गरेर दैनिक पत्रिका प्रकाशन गर्नु आफैंमा चुनौती थियो। तर, हामीले उक्त चुनौतीलाई स्वीकार गर्दै यात्रा सुरु गरेका थियौं। नवौँ वर्षसम्म आइपुग्दा हामीले २०७२ को विनासकारी भूकम्प, भारतको नाकाबन्दी, पछिल्लो समय कोरोना भाइरस (कोभिड-१९) को महामारीलगायत विभिन्न समस्या झेल्यौं। प्राकृतिक विपत्ति र महामारीबाट निम्त्याएको आर्थिक संकटमा पनि हामीले आफ्नो प्रकाशनलाई निरन्तरता दियौं। यो अवधिमा आफ्नो लक्ष्यबाट विचलित भएनौं। पत्रकारिताको सिद्धान्त र आचारसंहितालाई पूर्णरूपमा आत्मसात् गरेर अगाडि बढेकै कारण हामीले आम पाठकको विश्वास जित्न सकेको हाम्रो ठहर छ।

हाम्रो प्रकाशन 'प्रभाव दैनिक'को यस यात्रामा आदणीय पाठक, विज्ञापनदातालगायत विभिन्न क्षेत्रबाट प्राप्त साथ, समर्थन तथा हौसलाको हामी ऋणी छौं। त्यसैगरी, निष्पक्ष र तटस्थ पत्रकारितालाई निजी क्षेत्रमा स्थापित गराउनमा सामूहिक रूपमा सहयोग पुऱ्याउनुहुने सिर्जनशील पत्रकार, लेखक, लगनशील कर्मचारी, इमान्दार वितरक, विज्ञापनदाता, शुभेच्छुक एवं सहयोगी सबैप्रति आभारी छौं।

पछिल्लो समयमा विकसित भएको प्रविधिलाई पछ्याउँदै छापा माध्यमलाई परिमार्जन गरी समयनुकूल पाठकको चाहनाअनुसार सामग्रीहरू प्रकाशन गर्दै आएका छौं। साथै, अनलाइन संस्करण *प्रभावअनलाइन डटकम* तथा *प्रभाव टेलिभिजन* (युटचुब च्यानल)मार्फत पनि पाठक/दर्शकसमक्ष सूचना प्रवाह गरिरहेका छौं। देशमा हुने अनियमितता र भ्रष्टाचारको उजागर गर्दै सबैलाई सूचित गर्ने कार्यमा हामी निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौं। यस कार्यमा अहोरात्र सहयोग गर्ने सबैमा प्रभाव पब्लिकेसन प्रालिको तर्फबाट हार्दिक धन्यवाद दिंदै सबैमा लोकतन्त्र दिवसको शुभकामनासमेत व्यक्त गर्दछु।

**कृष्णबहादुर कार्की**
प्रबन्ध निर्देशक

उपनिर्वाचन-२०८०

# शान्तिपूर्ण तर न्यून मतदान

- बारामा बढ्दा घट्यो तनहुँ र चितवनमा
- उम्मेदवारदेखि मुख्यमन्त्रीसम्मलाई स्पष्टीकरण
- भोलि साँझसम्ममा अन्तिम नतिजा प्रकाशन गर्ने आयोगको तयारी

■ **जेबी योञ्जन**

**काठमाडौं-** प्रतिनिधिसभा सदस्य रिक्त रहेका तनहुँ-१, बारा-२ र चितवन-२ मा उपनिर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। निर्वाचन आयोगले उपनिर्वाचन शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएको जनाएको हो।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालयका अनुसार करिब ६० प्रतिशत मत खसेको छ। यससम्बन्धी विवरण सूचना प्रणालीमा अद्यावधिक गर्ने क्रम जारी रहेको उनले बताए।

मतदान भएपछि भने तीनवटै क्षेत्रमा आइतबार साँझदेखि नै मतपेटिका संकलन थालिएको थियो। बारा-२ को सबै मतदान केन्द्रबाट मतपेटिकाहरू शिक्षा तालिम केन्द्र कलैयामा संकलन भइसकेको छ। समाचार तयार गर्दासम्म चितवन-२ को पनि मतपेटिका संकलन भइरसकेको छ। भरतपुरस्थित उद्योग वाणिज्य संघको सभाहलमा मतपेटिकाहरू संकलन गरिएको छ। तनहुँ-१ मा भने केही स्थानका मतपत्र मतगणनास्थलसम्म आइपुगिसकेका छैनन्। मतपेटिकालाई जिल्ला समन्वय समितिको परिसरमा राखिएको त्यहाँका निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

आयोगका सहायक प्रवक्ता अर्यालले भने, 'सबै मतपेटिका प्राप्त भइसकेपछि मतगणना सुरु हुन्छ। आइतबार रातिबाट मतगणना भएमा र कुनै अवरोध सिर्जना नभए सोमबार साँझसम्म आउला। तनहुँको चाहिँ अलि टाढाबाट ल्याउनुपर्ने भएकोले सोमबार



## उम्मेदवार र मुख्यमन्त्रीलाई स्पष्टीकरण

**काठमाडौं (प्रस)-** निर्वाचन आयोगले नेपाली कांग्रेसका तनहुँ-१ का उम्मेदवार गोविन्द भट्टराईलाई स्पष्टीकरण सोधेको छ। मौन अवधिका बेला पनि मोबाइलमा भ्वाइस् म्यासेज पठाएर भोट मागेको भन्दै भट्टराईलाई आयोगले २४ घण्टे स्पष्टीकरण सोधेको हो। आयोगले भट्टराईका गतिविधिले निर्वाचनको स्वच्छतामा प्रश्न उठाएको जनाएको छ। रास्वपाका उम्मेदवार स्वर्णिम वाग्लेलाई रवि लामिछानेको स्टाटस सेयर गरेको भन्दै स्पष्टीकरण सोधिएको छ। लामिछानेले मौन अवधिमा सामाजिक सञ्जालमार्फत आफ्नो उम्मेदवारलाई मत मागेका थिए।

चितवन-२ का उम्मेदवार रवि लामिछानेले पनि आचारसंहिता उल्लंघन गरेको भनिएको छ। उनले मतदानस्थलमा हुलहुज्जत गरेको भनिए पनि आयोगले भने स्पष्टीकरण सोधेको छैन। तर, कांग्रेसका कार्यकर्ताहरूले रविविरुद्ध निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएका छन्।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ। उपनिर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रतिकूल असर पर्ने गरी अनुमतिबिना निर्वाचन आचारसंहिताविपरीत कार्य गरेको भन्दै आयोगले २४ घण्टे स्पष्टीकरण सोधेको हो।

आयोगले सोधेको स्पष्टीकरणमा उल्लेख छ, 'तपाईं के-कति कारणबाट पचरौता नगरपालिका क्षेत्रमा जानुभएको हो ?'

आयोगका सहायक प्रवक्ता अर्यालले आचारसंहिता उल्लङ्घनको प्रकृति हेरेर स्पष्टीकरण सोधिएकाहरूलाई निर्वाचन कसुर तथा सजाय ऐन अनुसार नगद जरिवाना, पक्राउ गरेर जेल पठाउनेसम्मको कारबाही हुने बताए।

## 'मत मंसिरमा भन्दा थोरैमात्र कम खसेको हो'



**सूर्यप्रसाद अर्याल**
**सहप्रवक्ता, निर्वाचन आयोग**

आइतबार बारा-२, चितवन-२ र तनहुँ-१ मा उपनिर्वाचन सम्पन्न भयो। तीनै क्षेत्रमध्ये बारा र चितवनका केही क्षेत्रमा केहीबेर तनाव सिर्जना भए पनि मतदान समयमै सकियो। अब प्रतीक्षा रह्यो मतपरिणामको, यसै सन्दर्भमा निर्वाचन आयोगका सहप्रवक्ता **सूर्यप्रसाद अर्याल**सँग *प्रभाव*ले गरेको कुराकानीः

**समग्रमा उपनिर्वाचन कस्तो रह्यो ?**

बारा-२, चितवन-२ र तनहुँ-१ मा आइतबार उपनिर्वाचन सम्पन्न भयो। यतिको निर्वाचनलाई शान्तिपूर्ण मान्नुपर्छ।

**मतगणना कहिलेबाट सुरु हुन्छ ?**

सबै मतपेटिका प्राप्त भइसकेपछि मतगणना सुरु हुन्छ। बारा र चितवनमा मतपेटिका आइसकेका छन्। आइतबार रातिबाट मतगणना भएमा र कुनै अवरोध सिर्जना नभए सोमबार साँझसम्म आउला। तनहुँकोचाहिँ अलि टाढाबाट ल्याउनुपर्ने भएकोले सोमबार बिहानैबाट सुरु होला मतगणना।

**कहाँ-कहाँ हुँदै छ मतगणना ?**

बाराको शिक्षा तालिम केन्द्र कलैयामा, चितवनको उद्योग वाणिज्य संघको सभाहल भरतपुरमा, तनहुँको जिल्ल समन्वय समिति दमौलीमा तोकिएको छ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# साउदीसहित युरोपका विभिन्न मुलुकसँग श्रम सम्झौताको तयारी




■ **मोहनप्रसाद पन्त**

**काठमाडौं-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विभिन्न श्रम गन्तव्य मुलुकसँग श्रम सम्झौताको प्रक्रिया अघि बढाएको छ। नेपाली श्रमिकहरूको प्रमुख गन्तव्यमध्येको एक साउदी अरेयिबासहित रोमानिया, जर्मनी, सेसेल्स र माल्दिभ्ससँग मन्त्रालयले श्रम सम्झौताको प्रक्रिया अघि बढाएको हो।

उल्लिखित मुलुकमा लामो समयदेखि नेपाली श्रमिकहरू रोजगारीका लागि जाने गरे पनि श्रम सम्झौता हुन सकेको थिएन। सरकारले श्रम सम्झौताका लागि आवश्यक मस्यौदा तयार पारेर सम्बन्धित मुलुकमा पठाइसकेको मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता कविराज उप्रेतीले जानकारी दिए। उनका अनुसार सम्झौताका लागि मस्यौदा पठाइए पनि प्रत्युत्तर आइसकेको छैन। 'सम्झौताका लागि तयार भएका कारण श्रम गन्तव्य मुलुकहरूमा ड्राफ्ट पठाइएको हो,' उनले भने, 'अध्ययनकै चरणमा होला ढिलोचाँडो सम्झौता हुन्छ।' उनका अनुसार सम्बन्धित मुलुकसँग हुने सम्झौता जिटुजी हुने वा एमओयू गर्ने भन्नेबारे संयुक्त बैठकबाट निर्णय हुनेछ।

यी पाँचबाहेक अन्य मुलुकले पनि श्रम सम्झौताका लागि चासो देखाएको भन्दै उप्रेतीले त्यसका लागि आवश्यक गृहकार्य भइरहेको बताए। युरोपका विभिन्न मुलुक जस्तैः पोर्चुगल, पोल्याण्ड, माल्टा, साइप्रसले पनि नेपालसँग श्रम सम्झौताका लागि इच्छुक देखिएका छन्। यदि, युरोपेली मुलुकसँग श्रम सम्झौताको प्रक्रिया अघि बढे नेपाली श्रमिकहरूको रोजगार गन्तव्य परिवर्तन हुने उनको भनाइ छ। मानवअधिकार, सुरक्षा, आम्दानी तथा सेवा सुविधा र पर्यावरणीय हिसावले पनि खाडीबाट विस्तारै नेपालीको श्रम गन्तव्य युरोपतिर मोडिने सम्भावना रहेको उप्रेतीले बताए। खाडी मुलुकको तुलनामा युरोपेली देशहरूमा आकर्षक आम्दानी (तलब) हुने भएपछि पछिल्लो समय नेपालीहरूको गन्तव्य युरोपतिर केन्द्रित हुँदै गरेको वैदेशिक रोजगार विभागको तथ्यांकले पनि देखाएको छ। हाल सरकारसँग श्रम सम्झौता नभए पनि उल्लेख्य संख्यामा नेपालीहरू व्यक्तिगत तवरबाट बिचौलियालाई लाखौं रूपैयाँ बुझाएर युरोपेली मुलुकमा पुग्ने गरेका छन्। यसको अलवा सीमित म्यानपावर व्यवसायीले पनि युरोपका विभिन्न मुलुकमा नेपालीहरूलाई रोजगारीका लागि पठाउँदै आएका छन्। यस्तै अफ्रिकी मुलुक मरिससबाट पनि नेपाली श्रमिकहरूको माग बढ्दो छ। मरिससमा थुप्रै नेपाली विद्यार्थीहरू काम गरिरहेका बताइन्छ। मरिससँग नेपाल सरकारले २०७६ सालमा नै श्रम सम्झौता गरिसकेको छ।

त्यस्तै बेलायत, इजरायल र जापानसँग पनि नेपालले दक्ष जनशक्ति पठाउनेगरी जिटुजी (सरकार-सरकारबीच) सम्झौता गरिसकेको छ। बेलायत र जापानमा श्रमिक पठाउने प्रक्रिया अघि बढ्न नसके पनि इजरायलमा एक हजारभन्दा बढी नेपाली रोजगारीका लागि गइसकेका छन्। बेलायत र जापानले स्वास्थ्यकर्मी लैजाने रुचि देखाएका छन् भने आफ्नै नागरिकसरह सेवा सुविधा उपलब्ध गराउने सम्झौता गरेका छन्।

सरकारले बेलायत, जापान, इजरायल, दक्षिण कोरिया, बहराइन, जोर्डन, कतार, युएई, मलेसिया र मरिसस गरी १० वटा मुलुकसँग श्रम सम्झौता गरिसकेको छ। थप पाँच मुलुकसँग सम्झौता भए १५ मुलुकसँग नेपालको श्रम समझदारी कायम हुनेछ। जिटुजी सम्झौता भएकामध्ये कोरिया र इजरायलमा सरकारी प्रक्रियामार्फत नै नेपालीहरू रोजगारीका लागि गइरहेका छन् भने एमओयू सम्झौता भएका मुलुकमा म्यानपावर कम्पनीबाटै जान सकिने मन्त्रालयले जनाएको छ। यसरी श्रम सम्झौता भएका मुलुकले नेपालबाट श्रमिक लैजाँदा शून्य लागतमा लैजानुपर्ने व्यवस्था गरेको छ।

हार्दिक बधाई तथा शुभकामना

१०औँ वार्षिकोत्सव

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको नवौँ वर्ष सफलतापूर्वक पार गरी दशौँ वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

RAJ GROUP OF COMPANIES
License No.: 1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com
Mobile no: 9801047341/9802047340/9802347340

## मत मंसिरमा...

पृष्ठ १ बाट जारी

**मतगणनामा के–कस्ता सुरक्षा व्यवस्था गरिएका छन् ?**

प्रत्येक मतगणनास्थलमा सिसिटिभी क्यामेरा राख्न निर्देशन दिइएको छ । व्यवस्था मिलाइएको होला । पर्याप्त सुरक्षाकर्मी पनि हुन्छन् ।

**तारजाली पनि राख्ने कुरा छ यसपटक ?**

आयोगले पहिले पनि भनेको छैन तारजाली राख्नु भनेर । अवस्था हेरेर स्थानीय प्रशासनले यसको व्यवस्था गर्छ ।

**मतपरिणाम कहिलेसम्म आइसक्ला ?**

१२ गतेभित्र निर्वाचन नतिजा ल्याउने आयोगको योजना छ ।

**यसपटक पहिलेभन्दा कम मत खस्यो, कारण के होला ?**

खासै ठूलो अन्तरमा यस्तो देखिँदैन । बारामा मंसिरमा भन्दा बढी मत खसेको छ । चितवन र तनहुँमा केही कम मत खसेको छ । थोरै मतमात्र हो कम देखिएको ।

**चितवन र तनहुँमा मत कम खस्नुको कारण के होला ?**

एक त हाम्रो मतदाता नामावलीमा शुद्धताको आवश्यकता छ । मृत्यु भइसकेकाको नाम हटाउन सकिएको छैन । अर्को कुरा जनगणनाको ठूलो संख्या बाहिर भएको तथ्यांकले देखाउँछ । यसको असर मतदानमा परिहाल्छ ।

**अचारसंहिता उल्लंघनको घटनामा आयोग चनाखो भएको हो यो पटक ?**

विगतबाटै यस्तो गर्दै आएको हो । राजनीतिक दल, कार्यकर्ता, सर्वसाधारण अलि संयमित र आचारसंहिताप्रति प्रतिबद्ध हुनुपर्ने देखिन्छ । आफूले गरेको एक ढंगले हेर्ने अरुले गरेको अर्को ढंगले हेर्ने प्रवृत्ति सबैमा छ । यसमा परिवर्तनका आवश्यकता छ ।

**धेरैलाई २४ घण्टे स्पष्टीकरण सोधिएको छ, कारबाही होला त ?**

प्रकृति हेरेर निर्वाचन कसूर तथा सजाय ऐनअनुसार नगद जरिवाना, पक्राउ गरेर जेल पठाउनेसम्मको कारबाही हुन्छ । अचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा कानुनले भनेअनुसार कारबाही हुन्छ ।

## शान्तिपूर्ण...

पृष्ठ १ बाट जारी

बिहानैबाट सुरु हुन सक्छ ।'

मतगणनाअघि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ र मतगणनाबारे आइतबार आयोगले दिएको विशेष निर्देशनअनुसार दल तथा उम्मेदवारसँग सहमति जुटाई यही वैशाख १२ गतेभित्र परिणाम सार्वजनिक गर्नेगरी मतगणना प्रारम्भ हुनेछ ।

निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामा कहीँ कतैबाट विवाद हुन नदिन र त्यस्तो अवस्था सिर्जना भएमा निर्वाचन विवाद (सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि, २०७६ अनुसार विवाद निरूपण गरी कार्य गर्न आयोगले सम्बन्धित मुख्य निर्वाचन अधिकृतहरूलाई निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता अर्यालले बताए ।

सबैभन्दा धेरै बारा-२ मा ६४ प्रतिशत, चितवन-२ मा ६३ प्रतिशत र तनहुँ-१ मा ५३ प्रतिशत मतदान भएको छ । गत ४ मंसिरमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा भने बारा-२ मा ६३ दशमलव ५६ प्रतिशत, चितवन-२ मा ६७ दशमलव ६३ प्रतिशत र तनहुँ-१ मा ५४ दशमलव ०३ प्रतिशत मतदान भएको थियो । तुलनात्मक रूपमा यसपटक आम निर्वाचनमा भन्दा तीनवटै क्षेत्रमा कम मतदान भएको हो ।

र, मत गणनाका लागि चितवनमा मतगणनास्थललाई सुरक्षित बनाउन तारजाली र सिसीटिभी क्यामेरा जडान गरिएको छ । उपनिर्वाचनको मतगणना गरिने स्थान चितवन प्रदर्शनी केन्द्रमा तारजाली र सिसीटिभी क्यामेरा जडान गरिएको हो । यसबाट मतगणना बिथोल्ने अवाञ्छित गतिविधि नहुने निर्वाचन अधिकृतको कार्यालय चिवतनका सहायक निर्वाचन अधिकृत ईश्वर आचार्यले जानकारी दिए ।

२०७४ मा भएको स्थानीय तह निर्वाचनमा मतगणना जारी रहँदा मतपत्र च्यातिएको घटनापछि त्यहाँ अझैसम्म मतगणनामा उच्च सतर्कता अपनाउने गरिन्छ ।

मतदानको दिन आइतबार मध्याह्न भने चितवन-२ को भरतपुर महानगरपालिका-११ नयाँकिरण माविमा मतदान स्थगित भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रवि लामिछाने मतदानस्थलतिर आउने क्रममा उनका कार्यकर्ताले नाराबाजी गरेपछि अन्य दलका नेता कार्यकर्ताले विरोध जनाएका थिए । उनीहरूले रविले निर्वाचन आचारसंहिता उल्लंघन गरेको आरोप लगाए । अन्ततः रविले माफी मागेपछि भने फेरि मतदान सुरु भएको थियो ।

त्यहाँ सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका जीतनारायण श्रेष्ठ, नेकपा (एमाले)बाट रामप्रसाद न्यौपाने र राष्ट्रिय स्वतन्त्र पार्टीबाट लामिछानेसँगै २२ उम्मेदवार छन् । गत मंसिर ४ गते सम्पन्न निर्वाचनबाट निर्वाचित लामिछानेको नागरिकताका कारण सर्वोच्च अदालतले सांसद पदच्युत गरेपछि उपनिर्वाचन भएको हो ।

तनहुँ-१ बाट यसअघि निर्वाचित कांग्रेसका रामचन्द्र पौडेल राष्ट्रपति, बारा-२ बाट निर्वाचित जसपाका रामसहायप्रसाद यादव उपराष्ट्रपति भएसँगै त्यहाँ नयाँ सांसदका लागि उपनिर्वाचन भएको हो । तनहुँ-१ मा नौ दलका उम्मेदवार चुनावी मैदानमा छन् । यहाँ सत्ता गठबन्धनको तर्फबाट कांग्रेसका गोविन्द भट्टराई, रास्वपाका डा. स्वर्णिम वाग्ले, एमालेका सर्वेन्द्र खनाललगायत उम्मेदवार छन् ।

बारा-२ मा सत्ता गठबन्धनको समर्थनप्राप्त जसपाका अध्यक्ष उपेन्द्र यादव, एमाले नेता पुरुषोत्तम पौडेल, जनमतका सांसद शिवचन्द्र कुशवाहा, पूर्वडीआइजी रमेश खरेललगायत उम्मेदवार छन् । यहाँ उम्मेदवारको संख्या १० जना राजनीतिक दल र २४ जना उम्मेदवार स्वतन्त्र छन् ।

### हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०७/१३ मा दर्ता भएको लाइफ लाइन हेलि चार्टर सर्भिस प्रा.लि. (दर्ता नं. ११७०८४) को मिति २०८०/०१/१० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०१/११

यस कम्पनीको मिति २०७९/१२/२६ मा सम्पन्न बार्षिक/बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मनिष्मा फिल्मस् प्रा.लि. (प्रा.लि. नं. २०४०८४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **क्लक वर्क क्रियसन्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAXES INTERNATIONAL

पूर्व स्वीकृति मिति २०८०/०१/१० LT. No. 285233 चलानी नं. ६०२००६१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ९०,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Represantative | 1 | 0 | 2200 | ७९,३८० | | | | | | | |
| 3 | Labourer | 6 | 0 | 1000 | ३६,०८० | | | | | | | |
| 4 | CarpenTER | 5 | 0 | 1100 | ३९,६९० | | | | | | | |
| 5 | Executive Secretary | 0 | 1 | 2500 | ९०,२०० | | | | | | | |
| 6 | Secretary | 0 | 1 | 2100 | ७५,७७५ | | | | | | | |
| 7 | Receptionist | 0 | 1 | 1500 | ५४,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १८ गते (1st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**

Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR GROUP CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०१/१० LT. No: 285226 चलानी नं.: ६०२००६४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 5 | 100 | ३४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १८ गते (1st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN HILL OVERSEAS PVT. LTD.**

Greenhill श्रम ईजाजत नं. 1536/078/79

Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818863167, 9749419416
Email:greenhilloverseas5@gmail.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE WHALE PROPERTIES CO. WLL

पूर्व स्वीकृति मिति २०८०/०१/०७ LT. No. 284960 चलानी नं. ६०२००५७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 7 | 0 | 150 | ५२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १८ गते (1st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**

श्रम ईजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com


# Mandandeupur Municipality
# Office of Municipal Executive

**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

**(Date of Publication: 24th April 2023)**

Mandandeupur Municipality has allocated funds to cover eligible payment under the Contract given below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N. | Contract Identification No. | Bid Security Amount ( NRs.) | Cost of Bid Document (NRs.) | Estimated Amount NRs. (Without VAT and Contingencies) | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1. | 13/Works/NCB/MDM/078/079 (Sinchae purwadhar nirman ward -12 (Drilling And Installing Deep Tube well)) | 100000.00 | 3000.00 | 3450399.98 | 90 days |

1. Mandandeupur Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Development work of mentioned contract.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Mandandeupur Municipality, Mahadevsthan, Kavre, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidding document is available online and can be downloaded from e-GP system **http://www.bolpatra.gov.np/egp.** Interested bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs. in the following specified bank.
   **Name of the bank: Global IME Bank, Kunta**
   **Name of the office: Mandandeupur Municipality, Mahadevsthan Kavre.**
   **Project Rajaswa Account No.: 22004010000010 (Fort the cost of Bid Document)**
   **Office Deposit Account no.: 22004010000008 (For the cash deposit of Bid Security Amount)**
4. Interested bidders should submit online bids through e-procurement portal **http://www.bolpatra.gov.np/egp** only on or before **25th May 2023, 12:00**. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO which are available in e-GP system. Online bids shall be opened in the presence of Bidders representatives who choose to attend on **25th May 2023**, 14:00 hours at the office of Mandandeupur Municipality,Mahadevsthan, Kavre, Nepal. Online bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security amount (mentioned above), which shall be valid for minimum 30 days beyond the bid validity period. The scanned copy of bid security should be uploaded in the e-GP system during bid submission.
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Other related rules and regulations are as per Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.

**Chief Administrative Officer**
**Mandandeupur Municipality**

# दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दोधाराचाँदनी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८०।०१।११)**

यस कार्यालयबाट मिति २०७९।१२।०५ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिसभै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | २६/२०७९/०८० | मलेरिया नाला तटबन्द नं.२ | श्री न्यु हुनैनाथ निर्माण सेवा, दो.चा.न.पा ०२ कञ्चनपुर | ६१,३२,०९२।९७ | |
| २. | २७/२०७९/०८० | महाकाली नदि तटबन्द निर्माण योजना, वडा नं.१० | श्री कृष निर्माण सेवा, कञ्चनपुर | ३७,५७,३५०।०० | |

**गणेश दत्त मिश्र**
**प्रमुख प्रशासकीय अधिकृत**

# ज्याला नपाएपछि पुलै बन्द



तस्बिर: रासस

**खलंगा–** पुल निर्माण गर्दाको ज्याला नपाएपछि श्रमिकले झोलुंगे पुल बन्द गरेका छन् । दुई वर्ष अगाडि निर्माण भएको दार्चुलाको दुहुँ गाउँपालिका-१ र ५ जोड्ने झोलंगे पुलमा काम गरेका स्थानीय मजदुरले काम गरेको ज्याला नपाएपछि पुल बन्द गरेका हुन् ।

गाउँपालिकाको दुई करोड १० लाख रूपैयाँ लागत रहेको तीन सय ९० मिटर लम्बाइ भएको उक्त पुलको विसं २०७६ मा निर्माण सुरु भएको थियो । दुई वर्षभित्र पुल निर्माण गर्नुपर्ने समय सीमा रहेको पुलमा अहिले पनि लोड टेस्टलगायतका काम बाँकी रहेकाले अन्तिम किस्ता भुक्तानी हुन बाँकी रहेको गाउँपालिका-१ का वडाध्यक्ष जीतबहादुर बमले बताए । पुलमा केही संरचनाको प्राविधिक परीक्षणमा त्रुटिसमेत भेटिएको र पुलको छेउतिरको एक लठ्ठासमेत खुस्किएको अध्यक्ष बमले बताए ।

पुल निर्माणको भौतिक काम सम्पन्न भएको दुई वर्ष समय हुँदासमेत ठेकेदार कम्पनीले श्रमिकको ज्याला भुक्तानी नगरेको भन्दै स्थानीय श्रमिकले शुक्रबारदेखि पुल बन्द गरेको दुहुँ गाउँपालिका अध्यक्ष नरेन्द्र बडालले बताए । पटक-पटक काम गरेको ज्यालाका लागि आग्रह गर्दा पनि ज्याला नपाए पछि पुल नै बन्द गर्नुपरेको श्रमिक मजदुरहरूको भनाइ छ ।

झोलुंगे पुलको दुवैतिर तारजाली र जस्तापाता लगाएर बार लगाइएको छ । पुल बन्द भएपछि जिल्ला सदरमुकाम खलंगा आउने र काम विशेषले गाउँपालिकाको कार्यालयसम्म जाने नागरिकलाई दुई घण्टा लामो बाटो भएर जानुपर्ने अवस्था सिर्जना भएको स्थानीय नवीन जोशीले गुनासो गरे ।

निर्माणको जिम्मेवारी पाएको जगदम्बा दोभान कन्सट्रक्सनले श्रमिकको ज्याला अझैसम्म नदिनुका कारण भने खुलेको छैन । निर्माण कम्पनीको अन्तिम चरणको भुक्तानीसमेत लिन बाँकी रहेको दुहुँ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नरबहादुर ठगुन्नाले बताए ।

गाउँपालिका-१, २ र ५ का स्थानीयले उक्त पुल निर्माणको समयमा मजदुरी गरेका थिए । निर्माण सम्पन्न भइसकेको अवस्थामा मजदुरको ज्याला नदिइ ठेकेदार कम्पनी सम्पर्कबिहीन भएको स्थानीय नरेन्द्र जोशीले बताए ।

यसअघि स्थानीयले पटक-पटक आफूहरूले काम गरेको ज्याला पाउनुपर्ने भन्दै गाउँपालिका कार्यालय र जिल्ला प्रशासन कार्यालयमा आग्रह गर्दा पनि सुनुवाइ नभएको भन्दै स्थानीय मजदुर आक्रोशित भएका हुन् । निर्माण कम्पनीले मजदुरसँगै पसल धनी र ट्र्याक्टर व्यवसायीकोसमेत पैसा दिएका छैनन् । स्थानीय श्रमिक पसल धनी र ट्र्याक्टर व्यवसायीले बेलाबेला गाउँपालिकाको न्यायिक समिति र जिल्ला प्रशासन कार्यालय दार्चुलमा अनुरोध गर्दा पनि कुनै निकास नआएपछि पुल बन्द गर्न बाध्य भएको नरेन्द्र जोशीले बताए ।

गाउँपालिकाले पटकपटक ठेकेदार कम्पनीसँग सम्पर्क गर्न खोज्दा ठेकेदार कम्पनी सम्पर्कमा नआएको गाउँपालिकाका निवर्तमान अध्यक्ष पुलेन्द्रबहादुर कार्कीले बताए । 'पहिलेदेखि नै हामीले ठेकेदार कम्पनीसँग सम्पर्क गर्न खोजेका हौँ उहाँहरू सम्पर्कमा आउनुभएन,' कार्कीले भने ।

पीडितले जिल्ला प्रशासन कार्यालयमा लिखित निवेदन दिएको र ठेकेदार कम्पनीलाई सम्पर्कमा ल्याउने प्रयास भइरहेको जिल्ला प्रशासन कार्यालय दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीले बताए ।

श्रमिकले श्रम गरेबापतको पाउनुपर्ने रकम पाउनुपर्ने र स्थानीय श्रमिकले पनि सार्वजनिक पुल बन्द गर्न नहुने उनको भनाइ छ । 'ठेकेदारलाई गाउँपालिका र प्रशासनले सम्पर्क गर्न खोजे पनि सम्पर्क भएको छैन,' जोशीले भने । पुल निर्माण भइसकेको भए पनि निर्माण कम्पनीले गाउँपालिकालाई हस्तान्तरणसमेत नगरेको गाउँपालिकाका प्रवक्ता देवबहादुर बमले जानकारी दिए ।

'पुल गाउँपालिकालाई हस्तान्तरणसमेत भएको छैन, पुल सञ्चालनको अनुमति नै छैन, त्यहाँ आवतजावत नगर्न हामीले पनि आग्रह गरेका छौं । पुलको लोड टेस्टसमेत नभएकाले रहेछ,' अधिकारी जोशीले भने । *रासस*

## युएईमा नौ महिना ११७ जनाको मृत्यु

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको नौ महिना अर्थात् चैत मसान्तसम्ममा रोजगारीका लागि संयुक्त अरब इमिरेट्स (युएई)मा पुगेका ११७ जना नेपालीको ज्यान गुमाएका छन् । अबुधाबीस्थित नेपाली दूतावासले गत साउनदेखि चैत अन्तिमसम्ममा उक्त संख्यामा नेपालीले ज्यान गुमाएको जनाएको छ ।

दूतावासले गत आव २०७८/७९ मा १७४ जनाले ज्यान गुमाएको उल्लेख गर्दै यो नौ महिनामा ११७ जनाले ज्यान गुमाएको दुःख व्यक्त गरेको छ । दूतावासले साउनमा २४, भदौमा १६, असोजमा १०, कात्तिकमा ११, मंसिरमा १६, पुसमा १०, माघमा नौ, फागुनमा आठ र चैतमा १३ जनाको शव व्यवस्थापन गरेको उल्लेख गरेको छ ।

यस्तै, रोजगारीका लागि यूएई पुगेका नेपालीहरूले विभिन्न माध्यममार्फत गुनासो राख्ने गरेको पनि दूतावासले जनाएको छ । चालु आर्थिक वर्ष यस अवधिमा चार हजार १८९ जनाले फोन, इमेल र दूतावासमै उपस्थित भएर गुनासो तथा उजुरी गरेको बताइएको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३५२ बैशाख ०८ गते २०८० मा प्रकाशित **Overseas Employment (P.) Ltd.** को Lot No. 285050 को **Alam Al Shataer Food Service Est.** र Lot No. 285051 को **Restaurants Aghsan Al Reef for Food Service.** कम्पनीको विज्ञापनमा **कामदारको मासिक तलब ने.रु. ३५,०२५** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

## बिमालेख हरायो

मिति २०७९/१०/१५ गते, बागलुङदेखि काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : सुगल गौतम
बिमालेख नं : २५०२०१८२७
(Life Insurance Corporation Nepal)
ठेगाना : शंखरनगर-३, रुपन्देही
सम्पर्क नं : ९८५११९२८८३

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१२/२९ गते निम्न विवरणको Pulsar 220 CC F ABS Model को कालो, रातो रङको मोटरसाइकल भनिमण्डल, जावलाखेल-०४, ललितपुर स्थित रहेको Himalayan Int'l Ideal School को गेट अगाडिबाट पार्किङ्ग गरिराखेको अवस्थामा बेलुकी अन्दाजी ६:५४ बजेको समयमा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम : रोहित फुयाँल
बाइक नं.: बा.प्र -०२-०३५ प ०३१८
च्यासिस नं.: MD2A13EX4MCG92774
इन्जिन नं. : DKXCMG 24628
हालको ठेगाना: कागेश्वरी, मनोहरा-७, काठमाडौं
मो. : ९८४४१२१०७०, ९८०७६८७८२७



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNOFIT SDN.BHD.

पूर्व स्वीकृति मिति:२०७९/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१० | LT. No. 270635 | चलानी नं. ६०१८६४७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १८ गते (1st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

कम्पनी : KAIFA TECHNOLOGY MALAYSIA SDN BHD

Pre Approval Date : 2023-04-21 / पूर्व स्वीकृति मिति : २०८०/०१/०८ | LT. No. 285211 / एल टि न. २८५२११ | Invoice No. 60200647 / चलानी नं.६०२००६४७

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट MYR | मासिक तलब: Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 25 | साधारण | 1500 | ४४,५५० | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट:** आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

**कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : / Management of Workers Welfare Fund** — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने / NPR 1500/- By the Employer

**सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने / How much is the Service Fee and who will bear it** — रोजगारदाताले ब्यहार्ने / By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
DOTI OVERSEAS PVT.LTD does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Final Interview will be conducted on 2nd May, 2023 in office premisees.**
**फाईनल अन्तर्वाता मिति २०८०, बेशाख १९ गते कार्यालय परिसरमा हुनेछ ।**
**प्रि-अन्तर्वाता कार्यालय परिसरमा धमाधम भईरहेको छ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment(DOFE)** 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## धितो लिलाम बिक्री गर्ने बारे १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८०/०१/११ गते सोमबार)**

यस सहकारी संस्थाको मुख्य कार्यालय चावहिल काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट लिनु भएको कर्जा रकम संस्थासँग कर्जा लिदा गर्नुभएको शर्त कबुलियत बमोजिम तिर्न बुझाउनको लागि यस संस्थाबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीले कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेकाले संस्थाले कर्जा असुलउपर गर्नका लागि मिति २०७९/०८/२० र मिति २०७९/११/०४ गतेको प्रभाव राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र सो सूचना प्रकाशित भईसके पछि ऋणीको तर्फबाट कर्जा चुक्ता गर्नको लागि केहि समय माग गरि तत्कालका लागि धितो लिलामी प्रक्रिया रोक्नको लागि माग भई आएको र संस्थाले पनि ऋणीले माग गरेको समयाबधीसम्मको लागि धितो लिलामी प्रक्रिया रोकी ऋणीलाई कर्जा भूक्तानीको लागि समय उपलब्ध गराउदा समेत ऋणी आफैले माग गरेको समय भित्र पनि कर्जा चुक्ता नगरेकोले कर्जाको सुरक्षणको रुपमा संस्था समक्ष धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढको माध्ययमबाट लिलाम बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरू गोप्य सिलबन्दी बोलपत्र /डाँक बढाबढ बोलकबोल मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रिय कार्यालय, कर्जा असुली शाखा, चावहिल, चुच्चेपाटी, काठमाण्डौमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराइन्छ ।

**तपसिल**

| क्र.स | ऋणीको विवरण | धितो विवरण | साक्षी / जमानीको विवरण |
|---|---|---|---|
| १. | नाम थर : बुनु राई<br>नागरिकता नं २७१०१९/४५६१८, काठमाण्डौ<br>पतिको नाम : धन कुमार राई<br>ससुराको नाम : शिव बहादुर राई<br>स्थायी ठेगाना : बढानीलकण्ठ न.पा वडा नं ७ हेपाली हाईट | यस संस्थाका ऋणी बुनु राईको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको साविक इचगुंनारायण गा.बि.स वडा नं ६ स्वयम्भुको कित्ता नं ४३६ को क्षेत्रफल १२३.२१ व.मि जग्गा र सो जग्गामा बनेको घर र लिगलिगापात समेत | नाम थर: धन कुमार राई<br>स्थायी ठेगाना : बाकाचोक १ खोटाङ<br>हालको ठेगाना: का.जि बु.न.पा ७ हेपाली हाईट<br><br>नाम थर: सिद्धार्थ राई<br>नागरिकता नं २७-०१-७३-०६०२०, काठमाण्डौ<br>ठेगाना : का.जि बु.न.पा ७ हेपाली हाईट |
| २. | नाम थर : सोनी पाण्डे<br>पतिको नाम : बिकास राज पाण्डे<br>ससुराको नाम : रुद्र राज पाण्डे<br>स्थायी ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं ३० डिल्लीबजार | मोहलक्ष्मी पाण्डेको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा साविक वडा नं ३३ डिल्लीबजारको कित्ता नं ३४१५ को क्षेत्रफल ०-८-०-० जग्गा र सो जग्गामा रहेको लिगलिगापात समेत | नाम थर: बिकाश राज पाण्डे<br>बाबुको नाम : रुद्रराज पाण्डे<br>बाजेको नाम : उपेन्द्रराज पाण्डे<br>स्थायी ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं ३० डिल्लीबजार |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू:**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको मुख्य कार्यालय चावहिल, चुच्चेपाटीबाट रु ५००/- तिरि प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रभु बैंक लिमिटेड, चावहिल शाखामा रहेको **खाता नं.** ११८००७३५३७९०००२२ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. लिलाम बढाबढ बोलपत्र/डाँक बढाबढ बोलकबोल हुने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको २:३० बजे प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको केन्द्रिय कार्यालय चावहिल, चुच्चेपाटीमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनुपर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै व्यहोनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
८. बोलपत्र दाखिल भई सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।
१० लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**सिलबन्दी बोलपत्र/ लिलाम बढाबढको कार्यक्रम हुने मिति, समय र स्थान:**
**मिति २०८०/०१/२६ गते, मंगलवार**
**समय अपरान्ह २:३० बजे**
**स्थान : संस्थाको मुख्य कार्यालय, चुच्चेपाटी, चावहिल ।**

**पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम म'ल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाईने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुर्नमूल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूवाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाण्डौ
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अनुभूति गर्न नपाएको लोकतन्त्र

आज वैशाख ११, अर्थात् लोकतन्त्र दिवस । २०६२/६३ को जनआन्दोलनमार्फत प्राप्त नागरिक अधिकार सुनिश्चित गरी समावेशितालाई प्राथमिकता दिइएको लोकतन्त्र १७ वर्षे लक्का जवान बनिरहँदा नागरिकले त्यसको अनुभूति गर्न पाएको देखिएन । लोकतन्त्र प्राप्तिका १६ वर्ष विभिन्न आरोहअवरोह पार गर्दै नागरिकहरूलाई परिवर्तनको अनुभूति दिलाउने हुनुपर्दथ्यो, त्यो भएन । ३० वर्षे पञ्चायतविरुद्ध संघर्ष गरी ०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्रसमेत अस्वीकार गरी लोकतन्त्र स्थापना गरियो । लोकतन्त्र लोकका विशेष हुनुपर्ने थियो । हुन सकेन । कारण लोकले त्यसलाई अनुभूति नै गर्न पाएन ।

२०४६ सालको परिवर्तनले ल्याएको अधिकार, वाक स्वतन्त्रता, मौलिक हकसँगै लोकतन्त्रले ल्याएको समावेशितामा विचार र वादभन्दा माथि परिवारवाद बन्न पुग्यो । पञ्चायती शैलीमा लोकतन्त्रवादीहरू देखिए । अर्थात् जनताले चाहेको परिवर्तनभन्दा पनि पारिवारिक परिवर्तनमा नै राजनीतिक दलका नेतृत्वहरू नतमस्तक भए, भइरहेका छन् ।

लोकतन्त्रकै आडमा २४० बर्षे राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना गर्न सफल भएता पनि त्यसले जनताको मुहारमा परिवर्तनको संकेत गर्न सकेको छैन । गरिब झन् गरिबीको रेखामुनि पिल्सिनु परिरहेको छ । गाँस, बास र कपासको ग्यारेण्टी भन्ने वाणीहरू हराए । शिक्षा, स्वास्थ्य जनताको नैसर्गिक अधिकार भनिएता पनि यसमै व्यापारीकरण भयो ।

लोकतन्त्र सीमित व्यक्तिको मुठ्ठीभित्र नै देखियो । लोकतन्त्रको मानकहरू विखण्डित बन्दै गए । विचार र सिद्धान्त पद, पैसामा परिवर्तन भए । मानौं लोकतन्त्र भनेको ठूला दलहरूका लागि सत्ता र पदको भागबण्डा गर्ने महत्त्वपूर्ण कानुन बनाइदिएजस्तो । जनताको दैनिकी अझ कष्टकर बन्दै गयो । एउटा राजाको ठाउँमा दर्जनौं राजाहरू स्थापित हुने प्रयास गरे । जसकारण लोकतन्त्रप्रति जनताको वितृष्णा पैदा गराइदिएको भान भइरहेको छ ।

पुराना पुस्ताबाट नयाँ पुस्तामा सत्ता हस्तान्तरणको प्रयास हुनुपर्ने थियो त्यो पनि हुन सकेन । बरु जसरी हुन्छ भागबण्डाबाटै सत्तामा लिसोजस्तै टाँसिएर बसिरहने प्रवृत्ति हावी भयो । मुलुक परिवर्तन गर्ने संकेत बोकेर आएको लोकतन्त्रमा नेतृत्व वर्ग नै परिवर्तन भइदिए ।

विगतको १६ वर्षमा बढ्दो बेरोजगारी, परनिर्भरताले युवा पुस्तालाई अझ राजनीतिक नेतृत्वप्रति वितृष्णा पैदा गराइदियो । मुलुक र जनताको परिवर्तनको सट्टा सीमित व्यक्तिको परिवर्तन मात्र देखियो । आर्थिकरूपमा मुलुक संकटको भूमरीमा क्रमशः फस्दै गइरहेको वर्तमान परिवेशमा लोकतन्त्र वास्तविकरूपमा नै जनताले अनुभूति गर्न पाएका छैनन् । विचार र वादलाई मारेर लोकतन्त्रका नाममा दलहरू सत्ता भागबण्डामा नै रमाउन थाले । जनताले अनुभूति गर्न नपाएको के लोकतन्त्र ?

## मननयोग्य

### चाणक्य नीति

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए ।

निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो ।

कुलपतिको अनुरोधद्वारा त्यहीं विश्वविद्यालयमा आचार्य पदमा रही विष्णुगुप्त अध्यापन कार्य गरे । सूरदेशमा पनि उनका ज्ञानको चर्चा हुन थाल्यो ।

तर, यता भारत वर्षको राजनीतिक दशा छिन्नभिन्न थियो । यस समयमा आफ्ना स्वार्थमा लागेर साना राज्य आपसी युद्धमा अल्झिएका थिए । राज्यको सुखसमृद्धिको इच्छा त्यागी भोगविलास र मोजमस्तीमा नै राजाहरू उन्मुख थिए ।

युनानबाट आधीझैं बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा ३२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो सिकन्दरले मनको नहद प्यूसँग खाँदै यी खाना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्झ्यो, साधारण सुझबुझबाट सुनको चुरा हात पर्नेछ । सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो । क्रमशः

# ‘पत्रकारितामा परीक्षा प्रणाली लागू गर्नैपर्छ’



**बालकृष्ण बस्नेत**
अध्यक्ष
प्रेस काउन्सिल नेपाल

*मुलुकको पत्रकारिता क्षेत्रलाई मर्यादित तुल्याउन अभिभावकीय भूमिका निर्वाह गर्दै आएको प्रेस काउन्सिल नेपालले ५३ वर्ष पूरा गरेको छ । स्वस्थ पत्रकारिताको विकास एवं सञ्चारमाध्यम र पत्रकारलाई राष्ट्र, समाज र नागरिकप्रति जिम्मेवार बनाउने उद्देश्यका साथ स्थापना भएको काउन्सिलले पत्रकारिताको क्षेत्रमा देखिएका बेथिति, विसंगति र दुष्प्रचारको अन्त्य गरी पत्रकारिता पेसालाई मर्यादित र जिम्मेवार बनाउन आचारसंहिताको कार्यान्वयन गर्दै आएको छ । प्रेस काउन्सिल नेपाल नेपाली मिडिया, सञ्चारकर्मी र सरकारबीचको सेतुको रूपमा रहँदै आएको छ । स्वच्छ, स्वतन्त्र, मर्यादित र विश्वसनीय पत्रकारिताको पक्षमा क्रियाशील रहेको छ । मिडियाको नीति बनाउने सवालमा सल्लाहकारको भूमिकामा रहेर काम गरिरहेको छ । सूचना प्रविधिमा आएको परिवर्तनसँगै मिडिया क्षेत्रमा देखिएका चुनौतीलाई सम्बोधन गर्ने गरी नीति, ऐन, नियम, निर्देशिका वा मापदण्ड निर्माण प्रक्रियामा पनि काउन्सिल क्रियाशील रहेको छ । प्रेस स्वतन्त्रताको पहरेदारको भूमिका खेलिरहेको र सरकारलाई कानुन निर्माण र अन्य नीतिगत काममा सक्रिय सहयोग गर्दै आएको छ । काउन्सिलले हालसालै पत्रपत्रिकाको पछिल्लो वर्गीकरण नतिजासमेत सार्जजनिक गरेको छ । प्रस्तुत छ, सञ्चारमाध्यमलाई अनुशासित र व्यवस्थित बनाउन तथा न्यू मिडिया र सामाजिक सञ्जालले ल्याएका चुनौतीको समाधानलगायत विषयमा काउन्सिलको भूमिकाका सन्दर्भमा अध्यक्ष बालकृष्ण बस्नेतसँग राष्ट्रिय समाचार समितिका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानी:*

**प्रेस काउन्सिल नेपालको अध्यक्षको जिम्मेवारी सम्हालेको करिब दुई वर्ष पुगेछ । यस अवधिलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

मैले काउन्सिलको जिम्मेवारी लिइरहँदा राजनीतिक अस्थिरता र कोभिडको महामारीले समग्र देशको मिडिया क्षेत्र नराम्ररी प्रभावित बनेको अवस्था थियो । झण्डै तीन वर्षदेखि लोककल्याणकारी विज्ञापन रोकिएको अवस्था थियो । त्यसै त संकटमा परिरहेका पत्रपत्रिकालाई राज्यबाट पाउने सुविधा लामोसमयदेखि रोकिँदा कति समस्या झेल्नु परिरहेको थियो होला । म आउने वित्तिकै रोकिएको वर्गीकरण प्रक्रियालाई टुंग्याउनतिर लागें । र केही महिनाभित्रै देशभरका पत्रपत्रिकाले राहत पाए । वर्गीकरणको मापदण्डलाईसमेत वैज्ञानिक र थप पारदर्शी बनाएका छौं ।

यो बीचमा स्थानीय तहको चुनाव, प्रतिनिधिसभा र प्रदेश सभाको चुनाव सम्पन्न भए । चुनावको मिडियाको अनुगमनमा काउन्सिलको प्रभावकारी र सन्तुलित भूमिका देखियो भन्ने प्रतिक्रिया पाएका छौं । पत्रकार तथा सञ्चारमाध्यमलाई आचारसंहिताभित्र रहेर समाचार प्रेषित गर्न, सञ्चार संगठन समेतलाई सचेत र जिम्मेवार बनाउन काउन्सिल क्रियाशील रह्यो । युटच्युबसहित सामाजिक सञ्जालबाट हुने गालीगलौज रोक्न विभिन्न सन्देशमूलक अभियान थालेका छौं ।

अन्यत्रबाट हुबहु सार्ने अनलाइन, पत्रपत्रिकालाई कारबाही गर्ने, बार्गेनिङ पत्रकारितालाई निरुत्साहित गर्न विभिन्न काम हुँदै आएका छन् । पत्रकारिताको आवरणमा गलत काम गर्ने पत्रकार, प्रेस पास र पहेँलो ज्याकेटको दुरूपयोग गर्नेलाई काउन्सिलले उच्च निगरानीमा राख्दै कालोसूचीमा राख्ने तहसम्मको कारबाही गर्दै आएको छ ।

छापा माध्यमले भोग्नुपरेका अनेक समस्या, युटच्युबसहित सामाजिक सञ्जालका समस्यालाई समाधान गर्न विभिन्न अध्ययन प्रतिवेदन तयार भएका छन् । संविधानअनुसार बन्नुपर्ने कतिपय कानुनको तर्जुमा एवं विद्यमान कानुनमा देखिएका कमजोरीको परिमार्जनका लागि सरकारलाई सुझाव दिने काम भएको छ ।

**नेपाली मिडियाको राम्रानराम्रा पक्ष केलाउने, अनुगमन र मूल्यांकन गर्ने जस्ता काममा यहाँको अनुभव कस्तो रहेको छ ?**

काउन्सिलजस्तो निकायमा आराम गर्न वा पेन्सन पकाउन जाने दुवै होइन । पत्रकारिता जगतको नीति निर्माण तहदेखि पत्रकारका दिनानुदिनका समस्यासँग जुध्नुपर्ने हुन्छ । प्रेस र सरकारबीचको पुलको जिम्मेवारी हुँदा दुवै पक्षसँग समन्वय गरी यो क्षेत्रको विकास र विस्तारमा लाग्नुपर्ने हुन्छ । इन्टरनेटको विविधतायुक्त प्लेटफर्म अनुसारका मिडियाले दिनहुँ नयाँ खाले अवसर, सम्भावना र चुनौती ल्याएको छ । प्रेस काउन्सिलले यी सबै पक्षलाई रचनात्मक रूपमा लिई काम गरिरहेको छ । यस्ता काममा मैले अधिकतम समय दिने गरेको छु । अग्रजहरूको सुझाव, अनुभव र युवा पुस्ताको साथ लिएर काउन्सिलले आफ्ना गतिविधि अघि बढाइरहेको छ ।

**अझै पनि पत्रकार आचारसंहिताको उल्लंघन गर्ने क्रमलाई नियन्त्रण गर्न सकिएको छैन । यसो हुनेमा के कारण देख्नुहुन्छ ?**

आचारसंहिता भनेको स्वनियमन हो, कडा कानुन बनाएर नियन्त्रण गर्ने भन्ने होइन । यसमा सञ्चारमाध्यम र तिनमा काम गर्ने पत्रकार स्वयं जिम्मेवार र उत्तरदायी हुनुपर्छ । केही राम्रा र नमूना खाले सञ्चारमाध्यम पनि छन् । आचारसंहिताको चरम उल्लंघन गर्ने पनि छन् ।

पत्रकारिताको आवरणमा गलत काम गर्ने प्रवृत्ति झाँगिएको छ । युटचुबसहित सामाजिक सञ्जाल आफूखुसी सञ्चालन हुँदा त्यसको नराम्रो प्रभाव छ । कुन सञ्चारमाध्यम हो, कुन होइन भन्ने छुटयाउनै गाह्रो हुने स्थिति छ । कसलाई पत्रकार भन्ने गाह्रो हुने अवस्था आइसक्यो । काउन्सिलले यी कुरामा केन्द्रित भई सामाजिक सञ्जालसमेतको कन्टेन्ट अनुगमन र प्रवृत्तिगत अध्ययनसमेत गर्दै आएको छ ।

- कुन सञ्चारमाध्यम हो, कुन होइन भन्ने छुट्याउनै गाह्रो हुने स्थिति छ । कसलाई पत्रकार भन्ने ? गाह्रो हुने अवस्था आइसक्यो
- पर्याप्त अध्ययन नभएका, विषयवस्तुबारे अध्ययन र अनुभव नभएका जनशक्तिले मिडिया सञ्चालन गर्दा यो क्षेत्र बदनाम हुँदै गएको पनि छ
- वरिष्ठ पत्रकारको उपाधिको आधार र मापदण्ड तय गर्ने, वास्तविक पत्रकार को हुन् भन्ने पहिचान गर्न विज्ञहरु संलग्न बेग्लै कार्यदल बनिसकेको छ

युटचुबर पत्रकार हुन् कि होइनन् भन्ने बहस पनि छ । कहीं कतै दर्ता हुनु नपर्ने, समाचार के हो ? पत्रकारिताको आधारभूत मूल्य मान्यता, सिद्धान्त के हो नबुझी ‘कन्टेन्ट’ दिने युटचुब पनि छन् । त्यस्ता युटचुबर पनि आफूलाई पत्रकार दाबी गर्छन् । ‘प्रेस कार्ड’ भिर्छन् । पहेँलो ज्याकेट लगाउँछन् । हामीले यस्ता खाले जबरर्जस्तीलाई रोक्न, सञ्चारमाध्यमको परिचय दिनुपर्ने भए विधिवत् प्रक्रियामा आउन सहजीकरण गर्दै आएका छौं । सञ्चारमाध्यमको कानुनी दायराभित्र नसमेटिने तर जथाभावी विषयवस्तु पस्केर अराजकता फैलाउनेविरुद्ध विशेष निगरानी र कारबाहीसमेत गरिरहेका छौं ।

त्यस्ता विवादास्पद सञ्जाल, कतिपय अनलाइन सञ्चारमाध्यमले पनि आचारसंहिताको उल्लंघन गर्दै तथ्यहीन समाचार दिने गरेका छन् । विभिन्न खालको हिंसा भड्काउनेर सामाजिक, पारिवारिक सम्बन्धमा खलल पुऱ्याउने खालका सामग्रीले पत्रकारिताको समग्र पेसाप्रति नै हिलो छयाप्ने काम भएको छ । प्रेस काउन्सिलले उनीहरूलाई पत्र काट्ने, क्षमायाचना वा सचेत गराउने गरेको छ । सञ्चारमाध्यम र पत्रकारले आचारसंहिता उल्लङ्घन गरेमा प्रेस पास निलम्बनको सिफारिसदेखि अनलाइन बन्द गर्ने, लोककल्याणकारी विज्ञापन रोक्ने तथा कालोसूचीमा राख्नेसम्मको अभ्यास भएको छ । मिडिया साक्षरता पर्याप्त नहुँदा यस्ता समस्या देखिएका हुन् । सरकारले यस्ता काममा स्रोत साधन बढाउनुपर्ने आवश्यकता देखेको छु ।

**पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रमको प्रभावकारिता कत्तिको देख्नुभएको छ ?**

अनलाइन सञ्चारमाध्यमलाई जिम्मेवार र मर्यादित बनाउन हामीले पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम सुरु गरेका हौं । पत्रकारितालाई मर्यादित बनाउन अनुगमन र कारबाहीभन्दा पनि आचारसंहिता शिक्षालाई व्यापक बनाउन आवश्यक छ । पत्रकारिताको देश र समाजप्रति विशेष सामाजिक दायित्व रहेको हुन्छ । अनलाइन मिडियालाई दर्ता हुनुअघि त्यसका सम्पादक, प्रकाशकले आचारसंहिताको अनिवार्य कक्षाको सुरुआत भएको छ । र यो प्रभावकारीसमेत भएको छ । पत्रकार आचारसंहिता जागरण अभियानलाई देशव्यापी बनाइएको छ ।

मिडियाबाट भएका गल्ती, कमजोरी सच्याउन र दोहोरिन नदिन विशेष निगरानी र अनुगमनमा जोड दिँदै आएको छ र युटचुब केन्द्रित विशेष जागरण कक्षासमेत सुरु गर्दैछौं । पत्रकारितालाई मर्यादित गराउन यस्ता कार्यक्रमले सचेतना बढ्ने विश्वास गरिएको छ ।

**नेपाली मिडियालाई जिम्मेवार र व्यवस्थित बनाउन प्रेस काउन्सिलले के कस्ता काम गरिरहेको छ ?**

पहिलो कुरा कानुनी रूपमा बलियो हुनु जरुरी छ । त्यसका लागि भइरहेको कानुनमा आवश्यक संशोधनको गृहकार्य भइरहेको छ । मिडियाको हित, प्रवर्द्धनका लागि आवश्यक कानुनको तयारीका लागि सरकारलाई सुझावसमेत दिँदै आइरहेका छौं । पत्रकारको योग्यता के हुने भन्ने विषयमा ब्यापक छलफल गरी निष्कर्ष निकाल्नु पर्नेछ ।

पर्याप्त अध्ययन नभएका, विषयवस्तुबारे अध्ययन र अनुभव नभएका जनशक्तिले मिडिया सञ्चालन गर्दा यो क्षेत्र बदनाम हुँदै गएको पनि छ । अब अबदेखि मिडिया क्षेत्रमा प्रवेश गर्न परीक्षा प्रणाली लागू गर्न आवश्यक छ । चिकित्सक, कानुन व्यवसायी, इञ्जिनीयरिङमा जस्तै अब पत्रकारितामा पनि तोकिएको परीक्षा पास गरी लाइसेन्स दिनुपर्छ भन्ने आवाज उठ्न थालेको छ । पत्रकार, सम्पादक हुन विद्यमान कानुन पुरावलोकन हुनुपर्छ ।

हामी त्यसको अध्ययनमा छौं । जुन पृष्ठभूमि र अध्ययनबाट आए सम्पादक बन्न सक्ने, पत्रकारको कार्ड प्राप्त गर्नसक्ने ‘लुपहोल’ अब बन्द गर्नुपर्छ । अब मापदण्ड बनाइ पत्रकार हुन परीक्षा पास गर्नुपर्ने व्यवस्थामा जानुपर्छ । प्रेस काउन्सिल त्यसको व्यवस्थापन गर्न सक्षम छ ।

त्यस्तै वरिष्ठ पत्रकारको उपाधिको आधार र मापदण्ड तय गर्ने, वास्तविक पत्रकार को हुन् भन्ने पहिचान गर्न विज्ञहरू संलग्न बेग्लै कार्यदल बनिसकेको छ । सामाजिक सञ्जालमा भएका बेथितिलाई नियन्त्रण गर्न र व्यवस्थापन गर्नका लागि समिति बनाइ सरकारलाई सुझावसमेत दिइसकेका छौं । आचारसंहितासम्बन्धी पुस्तिका विभिन्न मातृभाषामा प्रकाशित गरेका छौं । पत्रकार महिलालाई पेसामा टिकाइरहन र नयाँ पुस्तालाई आकर्षित गर्न अभिमुखीकरण तालिममा जोड दिएका छौं । प्रदेशस्तरका मिडिया विरोधी कानुन सच्याउन, आम सञ्चारसम्बन्धी संघीय सरकारले ल्याउने विधेयकलाई मिडियामैत्री बनाउन काउन्सिलले विभिन्न रचनात्मक सुझाव दिएको छ । छापाखाना र प्रेसको इतिहासका लागि प्रेस संग्रहालय बनाउनेदेखि अनुसन्धानमूलक पुस्तकको तयारी, मिडियाको अंग्रेजी भाषामा वर्ष पुस्तकको सुरुआत भएको छ ।

त्यसैगरी मिडियामा आएका विषयमा चित्त नबुझी काउन्सिल आउने पक्षको सुनुवाइका लागि बेग्लै इजलास कक्षको तयारी भइरहेको छ । विश्व प्रेस काउन्सिलको केन्यामा भएको सम्मेलनमा अनलाइन र पत्रकारले चलाउने सामाजिक सञ्जाललाई मर्यादित बनाउन साझा खालको आचासंहिता बनाउन नेपालको तर्फबाट प्रस्ताव राखिएको छ । त्यसबारे अरु देशमा समेत बहस भइरहेको छ । पत्रकारितामा संलग्न रहेका महिला पत्रकारलाई टिकाइराख्न उच्चस्तरको र नयाँलाई आकर्षित गराउन आधारभूत तालिम दिन सुरु गरेका छौं । प्रदेश र जिल्लाका सरकारी विज्ञापन सोही क्षेत्रका सञ्चारमाध्यमलाई दिलाउन कानुनी परिमार्जन गर्न पहल गरिरहेका छौं ।

**न्यू मिडियालाई व्यवस्थित गर्नेतर्फ काउन्सिलका प्रयासलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ?**

सूचना र सञ्चार प्रविधिमा आएको द्रुत विकासको परिणाम जन्मिएको न्यु मिडियालाई अवसरको रूपमा लिनुपर्छ । यसको सदुपयोग गरी रचनात्मक हिसाबले विषयवस्तु दिन सक्यौं भने यसले आम जनतालाई नै लाभ पुग्दछ भने देशको समृद्धिमा सहयोग पुग्छ । न्यू मिडिया र सोसल मिडियालाई रचनात्मक बनाउन, मर्यादित र व्यवस्थित तुल्याउन जरुरी भइसकेको छ । न्यु मिडियाले ल्याएका विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्नुपर्ने छ । युटचुब फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालको दुरूपयोग गरी सामग्री दिँदा जनमानसमा अनेक भ्रमण फैलिने गरेको छ ।

युटचुब प्रयोगकर्तामध्ये कतिपयले पत्रकारिताको मर्म र आधारभूत सिद्धान्त र दायित्व पनि ख्याल नगरी एकपक्षीय सामग्री प्रस्तुत गरेको पाइन्छ । सामाजिक सञ्जालका अधिकांश प्रयोगकर्ताले सामाजिक उत्तरदायित्वको मर्मलाई समेत ख्याल गरेको पाइँदैन । त्यसैले सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तासमेत सजग भएर जिम्मेवारपूर्ण ढंगबाट समग्री दिनुपर्ने आवश्यकता छ । राज्यले न्यु मिडियालाई सञ्चालन गर्ने भन्ने बारेमा स्पष्ट नीति लिनुपर्ने देखिन्छ । काउन्सिलले न्यु मिडियाका विभिन्न प्लेटफर्महरूलाई सूचीकृत हुन आग्रह गरेको छ । नयाँ मिडियालाई बहिस्कार गर्नेभन्दा पनि परिस्कृत गराउन आवश्यक छ ।

**पत्रपत्रिकाको वर्गीकरणको विषयलाई लिएर कहिलेकाहीँ गुनासा आउने गरेका छन् । वर्गीकरणको प्रक्रियालाई कसरी पारदर्शी र व्यवस्थित गर्न सकिएला ?**

पत्रपत्रिकाको वर्गीकरणको प्रक्रियालाई बढी वैज्ञानिक र पारदर्शी बनाउन मापदण्ड फराकिलो बनाएका छौं । अबको पत्रकारितामा वितरणलाई मात्र आधार नमानी त्यसमा सम्प्रेषित विषयवस्तुको गुणस्तरियता र डिजिटल मार्केटिङ कस्तो छ भन्ने कुरालाई पनि हेर्ने गरिएको छ ।

आज विश्वव्यापी रूपमै पत्रपत्रिकाको विक्री वितरण घट्दो अवस्थामा छ । पत्रपत्रिकाले आफ्नो विक्री वितरणको बारेमा दाबी गरेजस्तो छ छैन भने स्थलगत अनुगमन गर्ने, सर्वसाधारणको प्रतिक्रिया बुझ्नेदेखि अन्य सञ्चारमाध्यमको समाचार वा अन्य सामग्री हुबहु साभार गरेको छ छैन भन्ने हेर्ने गरेका छौं । अहिले पनि राससका समाचार, फोटो, लेख, आलेखहरू पनि स्रोत उल्लेख नगरी हुबहु आफ्नो मिडियामा प्रकशन भएका छन् । त्यस्ता मिडियालाई कारवाहीको दायरामा ल्याइरहेका छौं ।

त्यस्तै साना लगानीका मिडिया र स्वरोजगार मूलक मिडियालाई पनि फरक ढंगबाट हेरिनु पर्ने हुन्छ । शहरबाट प्रकाशित पत्रपत्रिका र विकट जिल्लाबाट प्रकाशित पत्रपत्रिकाको आकार, कलर र विषयवस्तुहरूलाई एकै आँखाबाट हेरिनु हुँदैन । कर्णाली, सुदूरपश्चिमलगायत देशका दुर्गम जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाले अनेक समस्यासँग जुध्नुपर्ने हुन्छ । वर्गीकरण गर्दा यस पक्षलाई मसिनो गरी केलाउन थालेका छौं । हालै आव २०७७/७८ को ६६८ पत्रपत्रिकाको वर्गीकरणको नतिजा सार्वजनिक गरिएको छ भने एक महिनाभित्र आव २०७८/७९ को नतिजा पनि सार्वजनिक गर्नेछौं ।

**रेडियो, टेलिभिजन र अनलाइन मिडियालाई पनि वर्गीकरण गर्ने कुरा के हुँदै छ नि ? तीनको अनुगमन कसरी भइरहेको छ ?**

पछिल्ला केही वर्षयता अनलाइन मिडियामा बाढी नै आएको छ । दर्ता भएका अनलाइनको संख्या चार हजार पुग्न लागिसकेको छ । काउन्सिलमा रेडियो, टिभी, पत्रपत्रिका र अनलाइन सञ्चारमाध्यमको बेग्लाबेग्लै अभिलेखीकरण छ । तिनको सिस्टम अझै बलियो र प्रभावकारी बनाउनुपर्ने खाँचो छ । तिनलाई निगरानी गर्न बेग्लै डेस्क छन् । त्यहीँबाट नियमित अनुगमन र कारबाही भइरहेकै हुन्छ । जहाँसम्म वर्गीकरणको कुरा छ, हामीले अब पत्रपत्रिका मात्रै होइन अनलाइनलाई समेत व्यवस्थित बनाइ वर्गीकरण गर्न आन्तरिक काममा जुटेका छौं । त्यसका लागि मापदण्ड बन्दै छ । अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापनस्वरूप सहुलियत दिन सरकारलाई लेखी पठाइसकेका छौं ।

# सगरमाथा आधार शिविरमा आरोहीको ओइरो



■ सिबी अधिकारी

**काठमाडौं–** वसन्त ऋतुमा आरोहणका लागि यतिखेर सगरमाथाको आधार शिविरिमा उल्लेख्य संख्यामा आरोही पुगेका छन् । आरोहणमा गएका आरोही र उनीहरूका सहयोगीको सगरमाथा आधार शिविरमा ओइरो लागेको छ । आधार शिविर माथि दोस्रो शिविरसम्म आरोही पुगेका छन्। आरोहीको बास व्यवस्थापनका लागि टाँगिएका रंगीचंगी पाटले आधार शिविरमा रौनक छाएको छ ।

पर्यटन विभागको पर्वतारोहण शाखाका अनुसार यतिखेर ३० भन्दा बढी आरोही समूहका झण्डै तीन सय आरोही सगरमाथा आधार शिविर र दोस्रो आधार शिविरमा पुगेका छन् । उनीहरू सगरमाथाको चुचुरोमा पुग्न उपयुक्त मौसमको प्रतिक्षामा छन् । अहिले विभागबाट आरोहण अनुमति धमाधम लिइरहेका छन् । केही आरोही बीचबाटोमै छन् ।

विभागको पर्वतारोहण शाखाका अधिकृत विज्ञान कोइरालाले सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि हालसम्म ४१ आरोही समूहका चार सय ५४ आरोहीले अनुमति लिएको जानकारी दिए । कोइरालाले अझै पनि केही कम्पनी अनुमति लिने क्रममा रहेको बताए । यो याममा सगरमाथा आरोहणका लागि उत्साहवर्द्धकरूपमा धमाधम आरोही आइरहेको उनले उल्लेख गरे ।

सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले दोस्रो शिविरसम्म बाटो बनाइसकेका छन् । दोस्रो शिविरभन्दा माथि पर्वतारोहण सञ्चालकसंघ(एक्सपीडिसन अपरेटर्स एसोसिएसन)ले बाटो बनाउने कामलाई तीव्रता दिएको छ ।

सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले बाटो बनाउने जिम्मा पाएको छ भने दोस्रो शिविरिभन्दा माथि सगरमाथाको चुचुरोसम्म पर्वतारोहण सञ्चालक संघले बाटो बनाउँदै आएको छ । यो याममा इमाजिन नेपाल ट्रेक एन्ड एक्सिपिडिसन कम्पनीले सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको हो ।

एसपिसीसीका अध्यक्ष लामाकाजी शेर्पाले सगरमाथा आधार शिविरमा ३० आरोही समूहका आरोही पुगिसकेका बताए । केही आरोही बीचबाटौमै छन् । सगरमाथा आरोहणमा निस्केका स्वदेशी तथा विदेशी आरोही र पदयात्रामा गएका पर्यटकले यतिखेर खुम्बुक्षेत्र भरिभराउ भएको अध्यक्ष शेर्पाले बताए ।

सन् २०२३ को वसन्त ऋतुको आरोहण पनि उत्साहवर्द्धक हुने अनुमान गरिएको छ । सेभेन समिट ट्रेक्सका अध्यक्ष मिङमा शेर्पाले वसन्त ऋतुको सगरमाथा आरोहण राम्रो हुने संकेत देखिएको बताए ।

### चौथो आधार शिविर नजिक बाटो पुग्यो

वसन्त ऋतुको सगरमाथा आरोहणका लागि चुचुरोसम्मको बाटो खुलाउनेक्रममा चौथो आधार शिविर नजिकसम्म खुलिसकेको छ । इमाजिन नेपालका कार्यकारी निर्देशक दावा शेर्पाका अनुसार अहिले सगरमाथाको चौथो शिविरसम्म बाटो बनिसकेको छ ।

शुक्रबारको हुरीसहितको वर्षाले सगरमाथा क्षेत्रमा भारी हिमपात भएकाले चुचुरो पुग्ने बाटो बनाउन कठिन भइरहेको छ । प्रतिकूल मौसमका कारण बाटो बनाउने काममा खटिएका आइसफल डाक्टर तीन दिनदेखि आराम गरिरहेका निर्देशक शेर्पाले बताए । 'अहिले सगरमाथा क्षेत्रमा मौसम राम्रो छैन, त्यसैले बाटो बनाउनेहरू आराम गर्दैछन् । अप्रिल २४ सम्म सगरमाथाको चौथो शिविरमाथि चुचुरो नजिक बाटो बनाइसक्ने लक्ष्य थियो, तर मौसमले केही विलम्ब भएको छ, मौसमले साथ दिएको एक/दुई दिनमै काम पुनःसुरु हुन्छ,' उनले भने ।

सगरमाथा आरोहणको यो याममा 'इन्टरनेसनल माउन्टेन गाइड' दावा ग्याल्जेन शेर्पाको नेतृत्वमा आठ दक्ष शेर्पा सगरमाथाको चुचुरोसम्म बाटो बनाउन खटिएका छन् । मौसमले साथ दिए आरोहण उत्साहजनक हुने शेर्पाको भनाइ छ। तथापि यो याममा सगरमाथाको दोस्रो शिविरमाथितिर हालै हिमपहिरोमा परी तीन जना बेपत्ता भएको घटनाले आरोहणका लागि बाटो खुलाउन केही ढिलो भएको उनको भनाइ छ ।

### मे १० तारिखभित्र सगरमाथा आरोहण सुरू हुने

मौसमले साथ दिएको खण्डमा आगामी मे १० तारिखसम्म सगरमाथाको शिखरसम्म बाटो खुलाएर आरोहण सुरु भइसक्ने संघको योजना छ । आइसफल डाक्टरले सगरमाथाको चुचुरोमा डोरी टाँगेपछि आरोहण सुरु हुन्छ । कार्यकारी निर्देशक शेर्पाका अनुसार अहिले सगरमाथा आरोहणमा निस्केका आरोही आधार शिविर र दोस्रो शिविरमा पुगेका छन् । उनीहरू आरोहणको व्यवस्थापकीय कार्यमा सक्रिय भएका हुन् ।

एसपिसिसीले सगरमाथा, ल्होत्से र नुप्त्से हिमालको बाटो बनाउने जिम्मा पाएको छ । त्यसभन्दा माथि संघले हरेक वर्ष फरकफरक कम्पनीलाई बाटो बनाउने जिम्मा दिने गरेको छ । विसं २०७५ देखि पर्यटन विभागको पर्वतारोहण शाखासँग समन्वय गरेर सगरमाथाको दोस्रो शिविरसम्म एसपिसीले बाटो बनाउँद आएको छ । चुचुरोसम्म आइसफल डाक्टर शेर्पा गाइडले धमाधम बाटो बनाइरहेका छन् ।

### नेपालसहित ५८ देशका आरोही सगरमाथा आरोहणमा

पर्यटन विभागको विवरणमा हालसम्म सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि ७८ देशका नौ सय बढी आरोही आएका छन् । तीमध्ये सगरमाथा आरोहणका लागि मात्रै ५८ देशका नागरिक नेपाल आएका छन् । सबैभन्दा बढी चीनबाट ८५, अमेरिकाबाट ७४, भारतबाट ३३, हंगेरीबाट ३३, क्यानाडाका १९, रुसका १८, बेलायतका १५ र नेपालका १६ आरोहीले अनुमति लिएका हुन् ।

सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एडमन्ड हिलारी सगरमाथाको चुचुरोमा पुगेका थिए । सगरमाथाको चुचुरोमा मानवले पहिलो पटक पाइला टेकेको ७० वर्ष पुगेको छ । त्यसयता सगरमाथाको आरोहण आकर्षण बढ्दो छ । विभिन्न मुलुकबाट उल्लेख्य सङ्ख्यामा आरोही आउने गरेका छन् । सर्वोच्च शिखर सगरमाथासहित विश्वका आठ हजार मिटर अग्ला आठ हिमाल नेपालमा छन् ।

सगरमाथा आरोहणको इतिहासमा हालसम्म करिब सात हजार स्वदेशी तथा विदेशी पर्वतारोहीले सर्वोच्च शिखरको साहसिक विजययात्रा पूरा गरिसकेका छन् भने सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीले नयाँनयाँ कीर्तिमानसमेत थप्दै आएका छन् । कामीरिता शेर्पाले २६ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाएका छन् । उनी वसन्त ऋतुको यो याममा आफ्नै कीर्तिमान तोड्न सगरमाथा आरोहणमा निस्केका छन् ।

पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनरिङ इन नेपाल, फ्याक्ट एन्ड फिगर-२०२०' का अनुसार हालसम्म छ हजार पाँच सय सात आरोहीले सगरमाथाको सफल आरोहण गरेका छन् । सन् २०२१ र २०२२ को सङ्ख्या जोड्दा आठ हजारभन्दा बढीले सगरमाथा आरोहण गरिसकेका छन् । तथ्यांकअनुसार हालसम्म तीनसयभन्दा बढी आरोहीले सगरमाथा आरोहणका क्रममा ज्यान गुमाएका छन् । *रासस*

# लुम्बिनीमा बुद्ध जयन्तीको तयारी

**रूपन्देही (प्रस)–** बुद्धजयन्ती तथा लुम्बिनी दिवसको अवसरमा विभिन्न कार्यक्रमको तयारी सुरु भएको छ। प्रत्येक वर्ष वैशाख शुक्लपूर्णिमाको दिनलाई गौतमबुद्धको जन्मजयन्तीका रूपमा मनाउने गरिन्छ । यसपटक वैशाख २२ गते परेको २५६७औं बुद्धजयन्तीलाई भव्य बनाउन लुम्बिनी विकास कोषले मूल व्यवस्थान समिति र विभिन्न उपसमिति गठन गरिसकेको छ ।

बुद्धजयन्तीको तयारीका लागि विकास कोषका उपाध्यक्ष भिक्षु अवधेशकुमार त्रिपाठीको संयोजकत्वमा मूलसमिति गठन गरिएको छ । विकास कोषका कोषाध्यक्ष सानुराजा शाक्यको संयोजकत्वमा सुरक्षा र स्वयमसेवक उपसमिति गठन गरिएको छ । त्यस्तै कोषाध्यक्ष सिद्धिचरण भट्टराईको संयोजकत्वमा प्रचारप्रसार उपसमिति र योजना प्रमुख सरोज भट्टराईको संयोजकत्वमा मञ्च, सरसफाइ र वृक्षरोपण उपसमिति गठन गरिएको छ । यस्तै पुरस्कार तथा सम्मान व्यवस्थापन उपसमिति, पूजा परित्राण उपसमिति, बिहार गुम्बा समन्वय उपसमिति, देवदह, रामग्राम, कपिलवस्तु समन्वय उपसमिति, सुरक्षा, छात्रवृत्ति, खेलकुद, यातायात, भोजन तथा प्रसाद, शोभा यात्रा व्यवस्थापन उपसमिति गठन गरिएको छ ।

विश्वशान्तिको प्रमुख केन्द्र लुम्बिनीमा हुने बुद्धजयन्तीको औपचारिक कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्बोधन कार्यक्रम भएकाले उक्त अवसरलाई प्रभावकारी बनाउन भव्य तयारी भएको लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए । सो अवसरमा नेपालस्थित विभिन्न देशका राजदूतलाई कार्यक्रममा निमन्त्रणा गरिएको छ ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन चरिकोट**

**बोलपत्र रद्ध गरिएको सम्बन्धि सूचना**

प्रकाशित मिति :- २०८०/०१/११

यस कार्यालय अन्तर्गत सूचना नं. ०९/०७९/८० को ठेक्का नं. RDCHT/337310113/079/80-45; Road Rehabilitation works at Bhotechaur- Chapeli Road F02604 (Chainage 0+000 to 11+000), Sindhupalchowk , को बोलपत्र खरिद सम्बन्धि सम्पूर्ण कार्य हाललाई विशेष कारणवश रद्ध गरिएको व्यहोरा जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**डिभिजन प्रमुख**



Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office,**
Banke, Nepal

**Invitation for Bids**

**IFB No: 07-079/080**
(First date of Publication: **11 *Baishakh, 2080 (2023-04-24)***

1. Lumbini Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB) & Sealed Quotation.
2. Road Infrastructure Development Office, Banke invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

| S. N. | Name of Works | Contract ID | Estimated Amt. With VAT & PS | Bid Doc. Fees | Bid Security Amt.NRs | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1 | R.C.C Drain Construction work at Kohalpur 2 Mahendra Rajmarga shashastra prahari school dekhi uttar krishna Ma.Vi. Dekhi dachhin Bardahawa tharu gaun sadak | RIDO/BANKE/ROAD/W NCB/55/079-80 | 26,86,032.03 | NRs. 3000 | 70,000.00 | NCB |
| 2 | Blacktop work at Fultekra chowk Puraina Betahani Hiliya sadak | RIDO/BANKE/ROAD/W/SQ/ 47/079-80 ( Re-Tender) | 12,98,585.42 | NRs. 1000 | 35,000.00 | SQ |
| 3 | Blacktop work at Mahendra Highway dekhi Uttar Maitawa Gaun sadak | RIDO/BANKE/ROAD/W/SQ/ 50/079-80 (Re -Tender) | 14,38,012.12 | NRs. 1000 | 40,000.00 | SQ |
| 4 | Blacktop work at Titrihiya (Chandani chowk) Sonapur (Simalghari) Sitapur (Gaughat) sadak | RIDO/BANKE/ROAD/W/SQ/ 53/079-80( Re Tender) | 16,85,856.93 | NRs. 1000 | 45,000.00 | SQ |
| 5 | Blacktop work at Belbhar dekhi Badhaiya hudai Bharat Jodne Sima sadak | RIDO/BANKE/ROAD/W/SQ/ 54/079-80(Re-Tender) | 14,39,489.67 | NRs. 1000 | 40,000.00 | SQ |

3. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
4. For further information visit PPMO´s website http://www.bolpatra.gov.np/egp.
5. Bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files.
   **Information to the cost of bidding document in bank:**
   Name of the Bank: Rastriya Banijya Bank;
   Name of Office:Road Infrastructure Development Office, Nepalgunj, Banke.
   Office Code Number: 3370157015;
   Office Account Number: 1000100200010000
   Rajaswa Shirshak (revenue) Number: 14229
6. Pre-bid meeting for NCB contract will be held in Road Infrastructure Development Office, Nepalgunj,Banke at 11.00 hrs on 28th Baishakh 2080 (11st May, 2023)
7. Electronic bids must be submitted to the Road Infrastructure Development Office, Nepalgunj, Banke electronically through PPMO website http://www.bolpatra.gov.np/egp on or before 12:00 hrs of 10th Jestha 2080 (24st May, 2023) for NCB & 264h Baishakh 2080 (9th May 2023) For SQ . Bids received after this deadline will be rejected.
8. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table. Bidders are required to submit a separate bid security for each contract for which they submit bids. The bid security guarantees issued by the commercial bank or financial institution approved by Nepal Rastra Bank shall be accepted by the Employer. Bids must be valid for a period of 90 days for NCB and 45 days for SQ after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the bid security in Bank**
   Name of the Bank: Rastriya Banijya Bank;
   Name of Office: Road Infrastructure Development Office, Nepalgunj, Banke.
   Office Code Number: 3370157015;
   Office Account Number: 4130100202030000 ;
9. The bids will be opened electronically at on 13:00 hrs of 10th Jestha 2080 (24st May, 2023) for NCB & 264h Baishakh 2080 (9th May 2023) For SQ. in the presence of the bidders' representatives who choose to attend in Road Infrastructure Development Office, Nepalgunj, Banke.
10. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

**कम्पनी : YI JIAN XIAO MIAN RESTAURANT**

पूर्व स्वीकृति मिति : २०७९/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१० | LT. No. 278659 | चलानी नं. : ६०१९४४२५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Chef | 12 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १८ गते (1st May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

# प्रभाव दैनिक

सोमबार, ११ वैशाख २०८० (Monday, April 24, 2023)





### 'नांगो गाउँ' भदौ २९ मा

दयाहाङ राई र मिरूना मगरको अभिनय रहेको फिल्म 'नांगो गाउँ' भदौ २९ मा प्रदर्शन हुने भएको छ। निर्माण युनिटले फिल्मलाई महान् पर्व हरितालिका तीजको अवसर पारेर रिलिज गर्न लागेका हुन्। फिल्मका निर्माता हिमाल शर्माले फिलमको रिलिज मितिको बारेमा जानकारी दिए। दीपेन्द्र लामाको लेखन तथा निर्देशन रहेको फिल्ममा दयाहाङ राई, मिरूना मगर, कर्मा, साम्राज्ञी राज्यलक्ष्मी शाह, शिशिर वाङ्देल, बुद्धि तामाङ, रविन्द्र झाको मुख्य भूमिका रहेको छ। हिमाल शर्माको प्रस्तुति रहेको फिल्मका निर्माता जय श्रेष्ठ हुन्। फिल्म 'कबड्डी ४ र जारी' चलेपछि दया र मिरूनाको जोडीको चर्चा पनि ह्वात्तै बढेको छ। यसैले, यो फिल्मप्रति दर्शकको चासो छ।



# नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९बाट यो वर्ष ६ जना पुरस्कृत हुने भएका छन्। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले आफ्नो १३ औं वार्षिक उत्सबको अबसरमा आईतबार आयोजित कार्यक्रममा पुरस्कृत व्यक्तिहरूको नाम घोषणा गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको प्रमुख आतिथ्यमा आयोजित बार्षिक उत्सबमा पुरस्कृत व्यक्तिहरूको योगदानबारे चर्चा समेत गरियो।

जस अन्तर्गत नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९ संगीत विधातर्फ वरिष्ठ गायक तथा संगीतकार गणेश रसिकलाई, लोक संगीत विधातर्फ वरिष्ठ लोक गायक नविन किशोर राईलाई, परम्परागत तथा शास्त्रीय संगीत विधा तर्फ वरिष्ठ संगीत साधक विजय कुमार श्रेष्ठलाई प्रदान गरिने घोषणा गरिएको छ। यस्तै रंगमञ्च विधातर्फ वरिष्ठ नाटक निर्देशक भैरव क्षेत्रीलाई, नाटक विधा तर्फ नाट्यकर्मी प्रा. डा. रामचन्द्र पोखरेललाई र नृत्य विधातर्फ वरिष्ठ लोक नृत्यकार कुलमान नेपालीलाई प्रदान गरिने घोषणा आईतबार गरियो। यो पुरस्कारको राशी एक लाख १ रूपैयाँ र ताम्रपत्र रहेको सो प्रतिष्ठानकी सदस्य सचिब कुस्मा महरा (प्रगति)ले कार्यक्रममा जानकारी गराईन्। उनीहरूलाई एक समारोहबीच राष्ट्रपति रामचन्द्र पौडेलको हातबाट सो पुरस्कार प्रदान गरिने पनि उनले बताईन्।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सुदन किरातीले गीत संगीतका मार्फत जनतालाई जगाउने अभियानले गणतन्त्र स्थापनाको लागि महत्वपूर्ण योगदान पुर्‍याउन अब संस्कृति क्षेत्रमा ठूलो अभियान चलाउनु पर्छ भने। त्यसका लागि सरकारले नीति तथा कार्यक्रममा नयाँ कुराहरू ल्याउने तयारी गरिरहेको पनि उनले बताए। उनले पुरस्कृत श्रष्टाहरूलाई बधाई ज्ञापन गर्दै यो पुरस्कारले उहाँहरूमाझ अझ उर्जा थप्ने विश्वास आफुले लिएको छु भने।

सो प्रतिष्ठानकी कुलपति निशा शर्माले हरेक वर्ष झैं यसपटक पनि संगीत, नाटक तथा नृत्य विधाबाट ६ जना श्रष्टालाई पुरस्कृत गर्न लागिएको कार्यक्रममा बताईन्। २०६७ साल बैशाख १० गते स्थापना भएको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले नेपाली गीत संगीत, नृत्य तथा नाटकको क्षेत्रमा निरन्तर योगदान पुर्‍याउँदै आएको पनि उनले कार्यक्रममा बताईन्। सरकारले आफू लगायत प्राज्ञ परिषद र प्राज्ञ सभामाथि गरेको विश्वासलाई निराशामा परिणत हुन नदिने दाबी समेत उनले गरिन्। नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा आजीवन योगदान सम्मान एक जना विशिष्ठ स्रष्टा सर्जकलाई प्रदान गरिने पनि उनले जानकारी गराईन्।

कार्यक्रममा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छालीले नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग मिलेर सहकार्य गर्ने योजना सुनाए। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भु राईले सबैलाई स्वागत गर्दै मुलुकको मौलिक संस्कृतिको जगेर्ना गर्न सोही अनुसारको नीति बनाएर आफुहरू सक्रिय रूपमा अघि बढ्ने बताए।

कार्यक्रममा वरिष्ठ निर्देशक तथा नृत्यकार भैरवबहादुर थापा, भाषा आयोगका अध्यक्ष गोपाल ठाकुर, म्यूजिक नेपालका प्रबन्ध निर्देशक सन्तोष शर्मा, रोयल्टी सँकलन समाजका अध्यक्ष सुरेश अधिकारीले १३ औं वार्षिक उत्सबको अबसरमा प्रतिष्ठानलाई बधाई दिँदै यो क्षेत्रमा अझ राम्रा काम गर्न सुझाब दिए।

१३ औं वार्षिक उत्सब समारोहमा आयोजित सांस्कृतिक कार्यक्रममा उदिराम खड्काले मयुर नृत्य, प्राज्ञ शान्ति कठायत र उनको समुहले देशभक्ति गीतमा नृत्य गरे। यस्तै लोक गायक राजु परियार र प्राज्ञ परिषद सदस्य टिका पुनले लोक गीत सुनाए। प्राज्ञ डक्टर किरात राईको संयोजनमा विभिन्न कलाकारहरूले शास्त्रीय यमन राग प्रस्तुत गरे।

# 'मिस्टर नेपाल' को खोजी सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ 'मिस्टर नेपाल' को खोजी सुरु भएको छ। आयोजक नेक्स्ट मोडल्सले एक विज्ञप्ति जारी गर्दै मिस्टर नेपालको नयाँ संस्करण अर्थात 'मिस्टर नेपाल २०२३' को आवेदन खुल्ला भएको जनाएको हो। यो पटक मिस्टर नेपाल 'न्यु लुक मिस्टर नेपाल' को नामबाट आयोजना हुनेछ। प्रतियोगिता न्यु लुक ब्युटिफर लाइफले प्रायोजन गरेको कारण प्रतियोगिताको नामको अगाडि न्यु लुक राखिएको हो।

नेक्स्ट मोडल्सले जारी गरेको विज्ञप्तिमा १६ वर्षदेखि ३२ वर्ष ननाघेका युवाहरूले प्रतियोगिताका लागि आवेदन लिनसक्ने उल्लेख गरिएको छ। प्रतियोगितामा विश्वका जुनै कुनामा रहेका ५ फिट ८ इन्च माथि उचाई भएका नेपाली नागरिकले मात्र सहभागिता जनाउन सक्नेछन्। प्रतियोगिताको अडिसन वैशाख २९ गते दमकबाट सुरु हुनेछ। त्यसपछि ३० गते विराटनगर, ३१ गते जनकपुर, जेठ २ गते चितवन, ३ गते बुटवल, ६ गते पोखरा र १३ गते काठमाडौंमा आयोजना हुनेछ। आयोजक नेक्स्ट मोडल्सले योपटक प्रदेश नम्बर १ मा रोनक अग्रवाल, मधेश प्रदेशमा विक्रम आदित्य महासेठ, लुम्बिनी प्रदेश प्रशान्त शाह, गण्डकी प्रदेशमा आशिष पुरी प्रदेश निर्देशक समेत नियुक्त गरेको छ।

प्रतियोगिताको शीर्ष विजेताले 'मिस्टर वर्ल्ड २०२३' वा 'मिस्टर ग्लोवल २०२३' मा नेपालको प्रतिनिधित्वको अलवा ५ लाख बराबरको पुरस्कार हात पार्नेछन्। देशैभरि छरिएर रहेका प्रतिभालाई समेट्ने उद्देश्यले आयोजना गर्न लागिएको प्रतियोगितामा अडिसनबाट छानिएका प्रतियोगीलाई मात्र अन्तिम प्रतिस्पर्धाको तयारी कक्षा स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षणमा सहभागी गराइनेछ।

प्रतियोगितामा नेपालको आन्तरिक पर्यटनको विकासका लागि समेत विभिन्न गतिविधि सञ्चालन हुने आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन्।

मिस्टर नेपालको मुख्य प्रायोजकको रूपमा न्युलुक ब्युटिफर लाइभलाई भित्र्याउन पाउदा आफु हर्षित रहेको आयोजक नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए। ' प्रतियोगिता विगतको भन्दा अझ भव्य बनाउन आफु लागिपरेको छु' धमलाले भने 'यो वर्ष मिस्टर नेपाल' नेपालमा आयोजना हुने सबै सौन्दर्य प्रतियोगिता भन्दा भव्य हुनेछ'। युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले यो प्रतियोगिता २००१ देखि नियमित आयोजना हुँदै आएको हो। प्रतियोगितामा सहभागिताका लागि आवेदन फर्म खल्ती एपबाट भर्न सकिनेछ।

## रंगशाला

**एसिसी पुरूष प्रिमियर कप**

# नेपाल र साउदी अरेबिया आज भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं –** एसियाली क्रिकेट काउन्सिल (एसिसी) प्रिमियर कपको आफ्नो तेस्रो खेलमा आज (सोमबार) नेपालले साउदी अरेवियासँग खेल्दैछ। मुलपानी क्रिकेट मैदानमा हुने खेल बिहान नौ बजेबाट सुरु हुनेछ।

नेपाल र साउदी अरेवियाबीच अहिले सम्म एक खेल भएकोमा नेपाल अपराजित रहेको छ। नेपाल र साउदीबीचको एक मात्र भेट २०१२ मा युएईमा आयोजना भएको एसिसी ट्रफि एलिटमा भएको थियो। यो खेल नेपालले ९ विकेटले जितेको थियो। अबुधाबीको शेख जायद क्रिकेट स्टेडियममा भएको उक्त खेलमा बसन्त रेग्मी र पारस खड्काले समान ३/३ विकेट लिएका थिए।

नेपालका लागि ज्ञानेन्द्र मल्लले २३ बलमा ६१ रनको अर्धशतकीय ईनिङ खेलेका थिए।

त्यसअघि आइतबार सम्पन्न खेलमा युएईले सिंगापुरलाई पराजित गरेको छ। युएईका ओपनर तथा कप्तान मुहम्मद वासिम र वृत्य अरबिन्दको सानदार शतकको सहयोगमा युएईले सिंगापरलाई पराजित गरेको हो। त्रिवि मैदान कीर्तिपुरमा भएको एसीयन क्रिकेट काउन्सिल(एसिसी) प्रिमियर कपमा युएई २ सय १ रनको फराकिलो अन्तरले पराजित भएको छ।

युएईले दिएको ४ सय ७२ रनको लक्ष्य पछ्याएको सिंगापुरले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ७० रन मात्र बनायो। सिंगापुरका लागि मनप्रित सिंहले ६४ बलमा ५ चौका र ४ छक्काको सहयोगमा ६६ रनको अर्धशतकीय ईनिङ खेले।

थिलिपन उमीदुराईले ५६ बलमा ४ चौका र ३ छक्काको सहयोगमा ५२ रनको अर्धशतकीय ईनिङ खेले। सुरेन्द्रर चन्द्रमोहन र कप्तान अरित्र दत्तले समान ३८/३८ रन बनाउँदा विनोथ बसकरनले १८ रन बनाए। युएईका लागि सचिन शर्मा,कार्तिक मैयप्पन र आयान खानले समान २/२ विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएई अन्तिम बलमा अलआउट हुँदै ४ सय ७१ रन बनाएको हो।

युएईका लागि कप्तान तथा ओपनर मुहम्मद वासिम र वृत्य अरबिन्दले शतकीय ईनिङ खेले। वासिमले ८२ बलमा ९ चौका र १६ छक्काको सहयोगमा १ सय ६० रन बनाए। वासिमले ८२ बलमा आफ्नो शतक पूरा गरेका थिए।

शतक बनाएको १७ बल पछि उनले १ सय ५० रन पूरा गरेका थिए। अरबिन्दले १ सय ३३ बलमा १७ चौका र ७ छक्काको सहयोगमा १ सय ७४ रन बनाए। अरबिन्दले ९६ बलमा शतक पूरा गरेका थिए। अर्को ३० बलमा उनले १ सय ५० रन पूरा गरे। आयान खानले ५० बलमा ९ चौका र ३ छक्काको सहयोगमा ७४ रनको अर्धशतकीय ईनिङ खेले।

सचित शर्मा ८ बलमा १६ रन बनाउँदै अविजित रहे। युएईका खेलाडीहरूले २६ छक्का र ४१ चौका प्रहार गरेका थिए। सिंगापरका लागि अदिद्य भार्गभले ४ र रमेश कलिमुथुले ३ विकेट लिए। विनोद बसकरनले २ विकेट लिए।

पछिल्लो पाँच ओभरमा युएईले पाँच विकेट लिएर ७१ रन बनाएको थियो। वैशाख १८ गते सम्म संचालन हुने प्रतियोगिताका खेलहरू कीर्तिपुरस्थित टियु मैदान र मुलपानीमा रहेको क्रिकेट मैदानमा खेल संचालन हुनेछ।

कुल २४ खेल हुने प्रतियोगिताको फाइनल खेल वैशाख १८ गते त्रिवि मैदानमा आयोजना हुनेछ। यस प्रतियोगितामा १० राष्ट्रको सहभागीता रहेको छ। सहभागी १० राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए' मा आयोजक नेपाल सहित मलेसिया, साउदी अरेबिया, कतार र ओमान रहेका छन्। समूह 'बी' मा बहराइन, कुवेत, सिंगापुर, हङकङ र युएई रहेका छन्। हरेक समूहमा शीर्ष स्थानमा रहने दुई टोली सेमिफाइनल खेल्ने छन्। सेमिफाइनलका विजेता राष्ट्रले फाइनल खेल्ने छ। फाइनलको विजेता टोली एसीया कपका लागि छनोट हुनेछ। एसीया कप आगामी सेप्टेम्बरमा आयोजना हुनेछ। यस्तै शीर्ष तीनमा रहने टोली एसिसी ईमर्जिङ कपका लागि छनोट हुनेछन्।

## महालक्ष्मी टिम च्याम्पियन

**काठमाडौं (प्रस)–** महालक्ष्मी नगर लुभू डोजो दोश्रो मेयर कप बागमती प्रदेशस्तरीय वादो कराते प्रतियोगितामा टिम च्याम्पियन बनेको छ। महालक्ष्मी ५ स्वर्ण, १ रजत र ४ कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो।

आईडब्लुएफएन कराते, ठैब डोजोको आयोजनामा भएको प्रतियोगितामा मनमैजु ४ स्वर्ण, २ रजत र ३ कांस्यसाथ दोश्रो भयो। तेश्रो स्थानको बूढानकीलकण्ठले ३ स्वर्ण, २ रजत र ६ कांस्य हात पार्‍यो।



प्रतियोगिताको पुरुषमा ठैब डोजोका आकाश लोप्चन तथा महिलामा बडीखेलकी उर्षला पहरी उत्कृष्ट खेलाडी घोषित भए। पुरुषमा सिन्धुपाल्चोकका अन्जन पुरी तथा महिलामा केजेडआईकी जुना तामाङ उदीयमान खेलाडी चुनिए।

विजेतालाई संघीय सांसद् उदयशम्शेर राणा, बागमती प्रदेशका सांसद् मिनकृष्ण महर्जन, आयोजक आईडब्लुएफएन कराते, ठैब डोजोका अध्यक्ष एवं प्रमुख प्रशिक्षक बुद्धराज नेगीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। त्यअघि एकदिने प्रतियोगिताको गोदावरी नगरपालिकाका मेयर गजेन्द्रले उद्घाटन गरेका थिए।

ठैबस्थित ब्लु बर्ड स्कुलमा भएको प्रतियोगितामा कातासहित पुरुष/महिलामा समान ११-११ गरी जम्मा २२ स्पर्धामा करिब ३ सय खेलाडीले प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ।

# एएफसी यू-१७ महिला टोली जोर्डन प्रस्थान

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) ले एएफसी यू-१७ महिला एसियन कप छनोटको पहिलो चरण खेल्ने नेपाली टोलीलाई बिदाइ गरेको छ।

एन्फाले आइतबार छनोटका लागि जोर्डन जाने नेपाली टोलीलाई बिदाइ गरेको हो।

नेपाली टोलीलाई एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङ, महासचिव किरण राई लगायतले बिदाइ गरे। नेपाली टोली आइतबार त्यसतर्फ प्रस्थान गरेका छन्।

छनोटमा नेपाल समूह 'एच' मा परेको छ। नेपालको समूहमा जोर्डन र इरान रहेको छ। समूह विजेताले छनोटको दोस्रो चरणमा स्थान बनाउने छन्।

नेपालले पहिलो खेलमा बुधबार इरानसँग खेल्नेछ। त्यस्तै शुक्रबार आयोजक जोर्डनसँग खेल्नेछ।

**गोलकिपर**: सुजाता तामाङ, राधिका ओली, करुणा बुढाथोकी

**डिफेन्डर**: अञ्जना पुन मगर, सिम्राई राई, रूपा लिम्बु, अमिता भुल, सीता रोकाया, रेणु लिम्बु, दिपा मगर, सुमी हाङ्मा राई

**मिडफिल्डर**: माया मास्के, झुमा विश्वकर्मा, सुशीला केसी, पुनम चेम्जोङ, भावना परियार, दिलमाया घिसिङ

**फरवार्ड**: सुक्रिया मिया, लिला चन्द, वर्षा ओली, दीपा रोकाया, सेनु परियार, कविता गुरुङ

# पिवाइसी बिबिए कप हुँदै

■ प्रभाव संवाददाता

